# मगर समुदायको अन्य जात/जातिय समुदायसँगको सामाजिक सम्बन्ध
# (मंगला गाउँपालिका बाबियाचौर म्याग्दीको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत

समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको

प्रयोजनको लागि प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**

ववितासा पुन

रोल नं: १२/२०७२

सिम्बोल नं: ४८०३६६/०७६

रजिष्ट्रेसन नं ९-२-२९८-१३१-२००९

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण क्याम्पस, पोखरा

समाजशास्त्र तथा ग्रामीण विकास विभाग



२०७८

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

**समाजशास्त्र तथा ग्रामीण विकास विभाग**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विभागद्वारा स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको शोधपत्र परिपूर्तिको लागि मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही वविता पुनले **"मगर समुदायको अन्य जात/जातिय समुदायसँगको सामाजिक सम्वन्ध (मंगला गाउँपालिका बाबियाचौर म्याग्दीको एक अध्ययन)"**शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शंकरनाथ पौडेल
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : २०७८/१२/

Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

**समाजशास्त्र तथा ग्रामीण विकास विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि छात्रा वविता पुन ले तयार गर्नु भएको **"मगर समुदायको अन्य जात/जातिय समुदायसँगको सामाजिक सम्वन्ध (मंगला गाउँपालिका बाबियाचौर म्याग्दीको एक अध्ययन)"** शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................

शंकरनाथ पौडेल

शोध निर्देशक

..................................

तेज प्रसाद सुवेदी

बाह्य परीक्षक

..................................

शिव बहादुर थापा

विभागीय प्रमुख

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मितिः २०७८/१२/



Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

# कृतज्ञताज्ञापन

यो शोधअध्ययन स्नातकोत्तर तह द्धितीय वर्ष समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यसको लागि म समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरा प्रति कृतज्ञता प्रकट गर्दछु ।

यो शोध तयार गर्नको लागि आफ्नो अमूल्य समय दिएर मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय गुरु शोध निर्देशक शंकरनाथ पौडेलज्यू प्रति हृदयदेखि नै कृतज्ञ छु । समाजशास्त्र विभागका विभागीय प्रमुख शिवबहादुर थापा ज्यू प्रति आभार प्रकट गर्दछु । मलाई यो शोध तयार गर्नको लागि आफ्नो अमूल्य सल्लाह प्रदान गर्नुहुने समाजशास्त्र विभागका आदरणीय सम्पूर्ण गुरुज्यूहरू तथा पुस्तक र अन्य सामाग्रीहरू उपलब्ध गराइदिनुहुने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका पुस्तकालय प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरूलाई पनि धेरै धन्यवाद प्रदान गर्दछु ।

क्षेत्र अध्ययनको क्रममा आफ्नो व्यस्त समयको प्रवाह नगरी मागेको सूचनाहरू प्रदान गर्नुहुने म्याग्दी जिल्ला, मंगला गाउँपालिका वडा नं. २ बाबियाचौरका सम्पूर्ण उत्तरदाताहरूमा धन्यवाद ज्ञापन गर्दछु । क्षेत्र अध्ययनको शिलशिलामा सहयोग गर्नुहुने मेरा सम्पूर्ण परिवार र मित्रहरूलाई विशेष धन्यवाद दिन  चाहन्छु ।

अन्तमा यो शोधकार्यको कम्प्युटर टंकन लगायत विविध प्राविधिक सहयोग गर्नुहुने जेरोन कम्प्युटर सोलुसन नदिपुर ३ लाई विशेष धन्यवाद दिन चाहन्छु ।

मितिः २०७८/१२/

वविता पुन

# विषयसूची


| | | |
|---|---|---|
| *सिफारिस पत्र* | | *ii* |
| *स्वीकृति पत्र* | | *iii* |
| *कृतज्ञता ज्ञापन* | | *iv* |
| *विषय सूची* | | *v* |
| *तालिका सूची* | | *vii* |
| *चित्र सूची* | | *viii* |
| *शोधसार* | | *ix* |
| **अध्याय एक : परिचय** | | **१-५** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको औचित्य र महत्व | ४ |
| १.५ | अध्ययनको सीमा | ४ |
| १.६ | अध्ययनको संगठनात्मक स्वरुप | ५ |
| **अध्याय दुई : साहित्य पुनरावलोकन** | | **६-१६** |
| २.१ | सैद्धान्तिक पुनरावलोकन | ६ |
| | २.१.१ आधुनिकरणको सिद्धान्त | ७ |
| | २.१.२ द्वन्द्ववादी दृष्टिकोण | ७ |
| | २.१.३ पूर्व साहित्यको समीक्षा | ९ |
| | २.१.४ नेपालका मगर जातिको परिचय | १२ |
| **अध्याय तीन : अनुसन्धान विधि** | | **१७-१९** |
| ३.१ | अध्ययन क्षेत्र छनौटको औचित्य | १७ |
| ३.२ | अनुसन्धानको ढाँचा | १७ |
| ३.३ | तथ्याङ्कको स्रोत र प्रकृति | १७ |
| ३.४ | अध्ययनको समग्रता र नमुना छनौट विधि | १८ |
| ३.५ | तथ्याङ्क संकलन विधि | १८ |
| ३.६ | तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | १९ |

**अध्याय चार : सामाजिक आर्थिक अवस्था** **२०-३६**

४.१ अध्ययन क्षेत्रको परिचय २०

४.१.१ जनसांख्यिक विवरण २२

४.१.२ जातिगत विवरण २२

४.१.५ उत्तरदाताको लिङ्ग अनुसारको बनावट २३

४.२ शैक्षिक सम्वन्ध २४

४.३ आर्थिक सम्बन्ध २५

४.३.१ आम्दानीको स्रोत २६

४.३.२ मगर जातीको सम्पन्नता स्तरिकरण २७

४.४ पारिवारिक र वैवाहिक अवस्था २८

४.४.१ पारिवारिक अवस्था २८

४.४.२ वैवाहिक अवस्था २९

४.५ धार्मिक अवस्था ३१

४.६ स्वास्थ्य अवस्था ३५

४.७ राजनितिक अवस्था ३५

**अध्याय पाँच : मगर जाति र अन्य जात/जातिय सँगको सामाजिक सम्बन्ध** **३७-४६**

५.१ सामाजिक सांस्कृतिक सम्बन्ध ३७

५.२ मगरजातीको जन्म देखि मृत्यु सम्मको संस्कार ३९

५.३ जात/जातीय आधारमा बसोबास ४४

५.४ लेनदेनको सम्बन्ध ४५

५.५ सामाजिक संघ संस्थामा आवद्धताको सम्बन्ध ४६

**अध्याय छ : अध्ययनको साराश र निष्कर्ष** **४७-५०**

६.१ सारांश ४८

६.२ निष्कर्ष ४९

सन्दर्भसूची ५१

अनुसूचीहरू ५३

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | उत्तरदाताको जनसांख्यिकिय विवरण | २२ |
| २ | मंगला गा.पा २ का जात/जातिगत घरधुरी विवरण | २३ |
| ३ | उत्तरदाताको जातजातीगत लैङ्गीक विवरण | २३ |
| ४ | उत्तरदाताको जात/जातीगत शैक्षिक विवरण | २५ |
| ५ | उत्तरदाताको आम्दानीको मुख्य स्रोतहरू | २७ |
| ६ | उत्तरदाताको पारिवारीक विवरण | २८ |
| ७ | जातियताको आधारमा विवाहको उपयुक्त उमेर | २९ |
| ८ | मगर र अन्य जातजातीमा अन्तर जातिय विवाहको अवस्था | ३० |
| ९ | उत्तरदाताको धार्मिक विवरण | ३१ |
| १० | मगर जाति र अन्य जातीको पुरोहितको अवस्था | ३४ |
| ११ | उत्तरदाताको जातिय समानता सम्बन्धी विवरण | ४४ |
| १२ | मगर समुदायको विवाह समारोहमा अन्य जातजातीको उपस्थितिको सम्बन्ध | ४५ |

# मुख्य शब्दावलीको परिभाषा

| | | |
|---|---|---|
| बर्खी | - | मानिस मृत्यु भएको १ वर्षमा गरिने कर्मकाण्ड |
| पुतवरो | - | पहिलो छोरा भएको खुशियाली मनाउने कार्य |
| छेवर | - | व्रतबन्ध |
| भाई बगाल | - | एउटै जिजुबाजेबाट जन्मिएका छोराहरू |
| ठेकी लैजाने | - | केटा पक्षले केटी पक्षकोमा विवाह कुरा छिन्ने कार्य |
| दुर्ध भान्जा | - | दिदिबहिनीको छोरा |

# शोधसार

प्रस्तुत अध्ययनको शिर्षक '**मगर समुदायको अन्य जात/जातिय समुदाय संगको सामाजिक सम्बन्ध** (म्याग्दी जिल्ला मंगला गाउँपालिका वडा नं. २-बाबियाचौरको अध्ययन) रहेको छ । यस अध्ययनमा ब्राह्मण/क्षेत्री, आदिबासी जनजाती (मगर बाहेक), मगर र दलित समुदायका ९७ घरधुरीलाई लिइएको छ । मगर र अन्य जात/जाती बिचमा सामाजिक सम्बन्धको स्थिती कस्तो छ सोही पत्ता लगाउने कुरामा यो शोध केन्द्रित रहेको छ । अध्ययनको सामान्य उद्देश्यमगर समुदायको अन्य जातिय समुदाय बिचको सामाजिक सम्बन्धको अध्ययन गर्नु र विशिष्ट उद्देश्यमा मगर जाति भित्र अन्तर निहित साँस्कृतिक भिन्नताको कारण पत्ता लगाउनु र मगर जातिको अन्य जातिसँगको सम्बन्धको विश्लेषण गर्नु रहेको छ ।

गण्डकी प्रदेश म्याग्दी जिल्ला, मंगला गाउँपालिका वडा नं. २ बाबियाचौर बजार यो शोधपत्रको अध्ययन क्षेत्र हो । अध्ययनको सिमा अध्ययन क्षेत्रमा रहेका विभिन्न जातजातिय बिचको सम्बन्धमा सिमित रहेको छ । अध्ययन क्षेत्रमा रहेका जम्मा १३० घरधुरी मध्ये दैवि नमुना विधि अन्तरर्गत गोला प्रथाबाट ९७ वटा घरधुरीलाई  छनौट गरिएको छ । जसमा ३६ घरधुरी ब्राहमण/क्षेत्री, ४१ घरधुरी मगर, ८ घरधुरी आदिवासी जनजाती (मगर बाहेक) र १२ घरधुरी दलित समुदायलाई यस अध्ययनमा समावेश गरी तथ्याङ्क संकलन गरिएको छ ।

अध्ययन क्षेत्रका प्राय सबै जातजातीको एकल परिवार रहेका छन् । मगर समुदाय बढि वैदेशिक रोजगारमा आवाद्ध भएको पाईन्छ । यहाँका ब्राहमण/क्षेत्रीहरूले पेशाको रुपमा वढि नोकरी गर्ने गरेको पाईन्छ भने अन्य जातजातीहरू व्यापार, कृषि पेशामा आवद्ध भएको पाईन्छ । त्यस्तै सामाजिक रुपमा समाजमा मनाइने चाडपर्व, मेला पर्वमा सहयोगको आवश्यकता भएमा सम्पूर्ण जातजाती आफूले सक्दो सहयोग गरेको पाइयो । अध्ययन क्षेत्रमा विगतमा धर्मको विषयलाई लिएर दण्द्ध सृजना भएपनि हाल आएर एक ले अर्को जातीको धर्मलाई सहजै स्विकारेको पाईयो । मिश्रित जातजाती भएकोले अन्तर जातिय विवाहलाई सामान्य रुपमा हर्ने गरेको पाईन्छ । तर जातिगत आधारमा भने गैर दलितलाई भन्दा दलितलाई छिटो स्विर्कान गाह्रो भएको पाईन्छ । अध्ययन क्षेत्रका जातजातीहरू सामाजिक कार्यमा भने एकजुट भएर काम गरेको पाइयो ।

अध्ययन क्षेत्रका मगर समुदाय र अन्य जातिय समुदायको सामाजिक सम्बन्धलाई विश्लेषण गर्दा यहाँका जातजातीहरू विच स्विकार्य प्रकार्यात्मक सम्बन्धद्वारा यस क्षेत्रको समाजको अस्तित्व रहिरहेको र समाजलाई निरन्तरता दिइएको पाईन्छ । अध्ययन क्षेत्रका मगरहरूले वौद्ध धर्म अपनाए पनि आफ्नो पुर्खा वाट चलिआएको परम्परागत संस्कारहरू गर्दै आएको पाईन्छ भने केहि संस्कारहरू चाडपर्वहरू हिन्दु संस्कार अनुरुप मनाएको पाईन्छ । यहाँका मगरहरूमा मिलनसार बानी भएकोले अन्य जातजातीसँग एउटै समाजमा मिलेर बसेको पाइयो जसले गर्दा यहाँको मगर समुदाय र अन्य जातिय समुदायको सामाजिक सम्बन्ध एक आपसमा सुमधुर रहेको छ ।

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वि.स २०६८ सालको नेपालको राष्ट्रिय जनगणना अनुसार नेपालमा १२५ वटा जातजातीहरू र १२३ वटा भाषाभाषीहरू भएका मानिसहरूको बसोबास रहेको छ । वि.स २०७२ सालमा संघियता लागु भएपछि नेपाललाई ७ वटा प्रदेशमा विभाजन गरिएको छ । नेपालमा हाल ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ वटा नगरपालिका र ४६० वटा गाउँपालिका गरि जम्मा ७५३ स्थानिय तह रहेका छन् । प्रदेश नम्बर ४ (गण्डकी प्रदेश) मा १ वटा महानगरपालिका, २६ वटा नगरपालिका र ५८ वटा गाउँपालिका गरि जम्मा ८५ स्थानिय तह रहेका छन् । यस प्रदेशको राजधानी पोखरा रहेको छ । यसै गण्डकी प्रदेश अन्तगर्तको म्याग्दी जिल्ला पनि एक हो ।

नेपालमा विभिन्न जातजाती, जनजाती आदिवासीहरूको बसोबास रहेको छ । उनिहरूका आफ्नो छुट्टै भाषा, संस्कृति, रीतिरिवाज छन् । नेपालमा हिन्दु धर्मको बाहुल्यता भएपनि यहाँ बुद्ध धर्म, इसाई धर्म र जैन धर्म लगायतका धर्महरू पनि रहेका छन् । नेपाल बहुधार्मिक राष्ट्र भए पनि यहाँको समाज मूलत : हिन्दु धार्मिक संस्कार अनुसार नै परिचालित छ । नेपालको पुर्व देखि पश्चिम महाकाली सम्म तथा हिमाल देखि तराई सम्म बसोबास गरेका सबै जातजाति सिङ्गो नेपाली संस्कृतिको अभिन्न अङ्गको रुपमा रहेका छन् । नेपाल अधिराज्य भित्र ब्राहामण, क्षत्री, राई, लिम्बु, किराँत, मगर, गुरुङ, तामाङ्ग, सुनुवार, जिरेल, दरै, थारु, राजवंशि, धिमाल, सन्तार, बोटे, राउटे, नेवार आदि जस्ता विभिन्न जातजाति, जनजाति आदिवासीहरू रहेका छन् । यिनीहरूको आफ्नै भाषा, संस्कृति र भेषभुषा रहेका छन् । जसले नेपालीहरूको पहिचान राख्न मद्दत गरेको हामी पाउँछौ । त्यसैले नै हामी गर्व गर्दछौ की हाम्रो देश नेपााल अनेकतामा एकताको उदाहरण बनेको छ ।

मगर नेपालको सबै भन्दा ठूलो जनजाती हो । यिनीहरूमा मंगोलियन विशेषता पाइन्छ भन्ने कुरालाई उनीहरूको शारिरीक बनावट बाट नै पुष्टि हुन्छ । मगरहरू क्षत्री वंशका ठकुरी जातिबाट झरेका जाति मानिन्छन् (शर्मा २०५८: १४३) । प्राचिनकाल देखि नै खस ब्राहमण बाट प्रभावित भएको देखिन्छ । नेपालको उत्तरी भेगका मगरहरू बाहेक अन्य क्षेत्रका

मगरहरूमा खस ब्राहमणकै प्रभाव परेको छ । मगरहरूको पुरेत ब्राहमण वा आफ्नै जातको राख्ने चलन छ । यिनिहरू हिन्दु धर्म र बुद्ध धर्म मान्नेहरू  मात्र नभएर प्रकृतिका पुजकहरू पनि हुन्छन् ।

२०६८ सालको जनगणनाको तथ्याङ्क हेर्दा मगर जातिको संख्या १८,८७,७३३ रहेको छ भने म्याग्दी जिल्ला मा १,१३,६४१ मगर जातिको संख्या रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । नेपालको मध्य-पश्चिमी पहाडमा अवस्थित म्याग्दी जिल्ला प्राकृतिक, ऐतिहासीक, सांस्कृतिक, पर्यटकीय तथा जैविक विविधताले सम्बृद्ध पहाडी जिल्ला हो । यस जिल्लाको पुर्वमा कास्की र पर्वत, पश्चिममा बाग्लुङ्ग, डोल्पा र रुकुम, उत्तरमा मुस्ताङ र डोल्पा तथा दक्षिणमा बाग्लुङ्गद्वारा परिवेष्ठित ८३०८' देखि ८३५३'पुर्वी देशान्तर र २८२०' देखि २८४७' उत्तरी अक्षांश अन्तर्गत रहेको भु-भाग म्याग्दी जिल्ला अन्तर्गत पर्दछ । समुद्री सतह देखि न्युनतम ७९२ मिटर देखि अधिकतम ८१६७ मिटरको उचाइ सम्म फैलिएको यस गण्डकी प्रदेश अर्न्तगत रहेको म्याग्दी जिल्लाको कुल क्षेत्रफल २,२९७ वर्ग कि.मी. (२,२९,७०६ हे.) रहेको छ  ।  यस जिल्लामा १ नगरपालिका र ५ गाउँपालिका  रहेका छन् । यस जिल्लामा बिभिन्न जातजातीहरू बसोबास गरेकोले जातिय विविधता पाइन्छ । बहुसंख्यक मात्रामा मगर जातीको अतिरिक्त बाहुन, क्षेत्री, ठकुरी, नेवार, गुरुङ, गिरी सार्की, कामी, दमाई,थकाली, छन्त्याल र अन्य जातीहरू बसोबास गरेको पाइन्छ । म्याग्दीको पश्चिम भेग मा पर्ने मंगला गाउँपालिका मा पनि मगरहरूको बाहुल्यता रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने मगरहरू केहि हिन्दु धर्म मान्दछन् भने् केही बौद्ध धर्म मान्ने गदछन् । हिन्दु धर्म अथवा प्रकिती पुजकहरूले परम्परा देखि चलिआएको चलनलाई पछ्याउदै आएका छन् तर बौद्ध धर्म मान्नेहरूलॆ भने धर्म ग्रन्थ अनुसारको विधि अपनाएको पाइन्छ । यस क्षेत्रमा पुन, थापा, जुग्जाली, शेरपुन्जा, पाईजा, वुढा, डगामी जस्ता थर गरेका मगरहरूको बसोबास रहेको छ । यस्तै मगर बाहेक बाहुन, क्षेत्री, ठकुरी, नेवार, गिरी, सार्की, कामी, दमाई, थकाली, छन्त्याल र अन्य जातीहरू बसोबास गरेको पाइन्छ । त्यसैले बाबियाचौरमा बसोबास गर्ने मगर समुदायको अन्य जातिय संग सामाजिक सम्वन्ध कस्तो रहेको छ भनि केहि हद सम्म भएपनि अध्ययन अनुसन्धान गर्ने प्रयास गरेकी छु ।

## १.२ समस्याको कथन

मगर जातिहरू नेपालको जुनसकै भौगोलिक क्षेत्रमा छरिएर रहेपनि उनीहरूको पुर्खा एउटै हुन् । नेपालको भौगोलिक विविधताले गर्दा मगर जनजातिहरूको सामाजिक रितिरिवाजमा भिन्नता पाइन्छ । यिनिहरूको मुख्य पेशा कृषि भएपनि पछि गएर लाहुरे हुने प्रचलन आएपछि भने वढि भन्दा वढि मगरहरू विदेशी भुमिलाई आफ्नो कर्म थलो बनाउदै आएका छन् । साथै नयाँ धर्म मान्ने प्रचलनले गर्दा क्रमश पुराना रितिरिवाज, संस्कृतिको लोप हुने खतरा हुनको साथै परम्परामा समेट फरकपन आएको छ । त्यस्तै एउटै समाजमा धेरै थरिका जातजातिको बसोबास हुने भएकोले तिनिहरू विचको सम्वन्ध पनि कस्तो प्रकारको रहेको छ त्यसको पनि अध्ययन गर्नु पर्ने भएका् छ । त्यसैले यो सामाजिक अध्ययन गर्नु पर्ने आवश्यक देखिएको छ ।

अत: यो अध्ययन निम्न समस्यामा केन्द्रित रहेको छ ।

- अध्ययन क्षेत्रका मगर र अन्य जाती बीचको आदान प्रदान, लेनदेन, सहयोग र भाइचाराको अवस्था  कस्तो छ होला ?
- समुदायमा मगर र अन्य जातीहरूका विच उत्पन्न विवाद, समस्या र तीनको समाधानका तरिका के के हुन सक्छन ?
- मगर समुदायका जन्म देखी मृत्यू संस्कारमा अन्य जातीको सहभागिता, र संलग्नताको अवस्था के कस्तो छ होला ?
- मगर र अन्य जातीको विचमा अध्ययन, पेशा छनौट, विवाह, प्रतिनिधी छनौट आदिका सवालमा कस्तो सम्बन्ध छ होला ?

## १.३ अध्ययनको उद्देश्य

### सामान्य उद्देश्य

- मगर समुदायको अन्य जातिय समुदाय संगको  सामाजिक सम्वन्धको अध्ययन गर्नु ।

### विशिष्ट उद्देश्य

- मगर जाति भित्र अन्तरनिहित सांस्कृतिक भिन्नताको कारण पत्ता लगाउनु ।
- मगर जातिको अन्य जातिसँगको सम्बन्धको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

नेपाललाई विश्व सामु चिनाउने विभिन्न जातिहरू मध्ये मगर जाति पनि एक हो । तसर्थ यहाँका मगरहरूको बारेमा खोज अनुसन्धान गरि उनीहरूको सामाजिक अवस्थाबारे जानकारी गराउनु साथै मगर समुदायको अन्य जातिय समुदाय विचको सम्वन्धको बारेमा जानकारी गराउनु यस अध्ययनको महत्व रहेको छ । कुनै पनि जाति र जनजातिको सामाजिक अवस्थाको बारेमा विश्लेषण र चिन्तन मनन गर्नु एउटा महत्वपूर्ण कार्य हो । यो अध्ययन सिमित क्षेत्रलाई समेट्ने सानो अध्ययन भए पनि सम्पुर्ण मगर जातिको सामाजिक अवस्था र वास्तविकतालाई उजागर गर्न ठूलो टेवा पुग्ने छ । यति मात्र नभएर राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थाहरू र जो कोहि निति निर्मातालाई निति निमार्ण गर्न सहयोग पुग्नेछ । यसको सार्थ बाबियाचौरका मगर समुदायको बारेमा जान्न चाहाने जो कोहि व्यक्तिलाई यसले सीमित मात्रामा भए पनि जानकारी राख्न मद्दत पुऱ्याउँछ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमाको निर्धारण गर्नु अपरिहार्य देखिन्छ । सीमाको पूर्व निर्धारण गर्नुको प्रमुख कारण समग्रमा सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक तत्वको खाँचोले गर्दा नै हो । अझ भन्नुपर्दा यो अध्ययन पृथ्वीनारायण क्याम्पस, पोखरा समाजशास्त्र विभागको स्नातकोत्तर तहको शोधपत्रको लागि मात्रै तयार गरिएको छ । यस अध्ययन क्षेत्र भित्र नेपाल भरि बसोबास गर्ने विभिन्न मगर जातिहरूको बारेमा अध्ययन गर्न नसकेता पनि म्याग्दी जिल्ला मंगला गाउँपालिको बाबियाचौरमा बसोबास गर्दै आईरहेको मगर समुदायको यथार्थता उतार्ने प्रयास गरिएको छ । म्याग्दी जिल्ला मंगला गाउँपालिको बाबियाचौर क्षेत्रभित्र बसोबास गर्ने मगर समुदायको सामाजिक अवस्था साथै अन्य समुदायसँगको सामाजिक सम्वन्धको बारेमा मात्र सीमाङ्कन गरी अध्ययन गरिन हुनाले समग्र नेपालमा बसोबास गर्दै आएका मगर समुदायको अध्ययनको लागि सामान्यीकरण नहुन पनि सक्दछ ।

## १.६ अध्ययनको संगठनात्मक स्वरूप

यस शोधपत्रलाई ६ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठमूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनका महत्व, अध्ययनको र सीमा समावेश गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित पूर्वसाहित्यको समीक्षालाई राखिएको छ । अध्यायतीनमा अनुसन्धान विधि राखिएको छ । अध्याय चारमा अध्ययन क्षेत्र मंगला गाउँपालिका बाबियाचौरको सामान्य परिचय तथा अध्ययन क्षेत्रको शैक्षिक, आर्थिक, पारिवारिक तथा वैवाहिक, धार्मिक, स्वास्थ्य र राजनैतिक अवस्थालाई समावेश गरिएको छ । पाँचौ अध्यायमा मगर जाति र अन्य जातिय समुदायसँगको सामाजिक सांस्कृतिक, सम्बन्धको संख्यात्मक तथा गुणत्मक व्याख्या गरी तिनीहरू बिचको सम्बन्धहरूको अवस्थाको व्याख्या गरिएको छ । छैठौं अध्यायमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामाग्रीहरूको सूचि शोधपत्रका लागि प्रयोग गरिएको अन्तरवार्ता अनुसूचिहरू समावेश गरिएको छ ।

# अध्याय दुई

# साहित्य पुनरावलोकन

## २.१ सैद्धान्तिक पुनरावलोकन

समाज एउटा अमूर्त अवधारणा हो । जुन सामाजिक व्यवस्थामा अन्तरनिहित विभिन्न इकाइहरूको गठन र त्यस भित्रको अन्तर सम्बन्धको निर्भरताबाट अघि बढेको हुन्छ । समाजका कुनै पनि सामाजिक एकाई, स्वतन्त्र र अपरिवतशील छैनन् । त्यसैले आज हामिले भोगिरहेको समाज पनि लामो समयको सामाजिक, साँस्कृतिक पक्रियाको पर्रिणाम हो । समाज विकासको क्रममा उत्पन्न हुने सामाजिक विचारधाराको सत्यतथ्य मा आधारित ताकिकता, बस्तुगत प्रकृति, ब्यापकता तथा यथार्थता जस्ता अवस्था कै कारण ती विचारधाराले सिद्धान्तको रुप लिएको हुन्छ ।

### २.१.१ आधुनिकरणको सिद्धान्त

Rostow का अनुसार आधुनिक सिद्धान्त २० औं शताब्दी विकास अध्ययनका प्रमुख चिन्तकहरू मध्ये W.W Rostow अमेरिकी अर्थशास्त्री र सरकारी अधिकारी थिए । Rostow भन्दा पहिले विकासको दृष्टिकोण “आधुनिकीकरण” लाई पश्चिमी संसारको धनी अधिक शक्तिशाली देशहरू द्धारा विशेषता थियो भन्ने धारणा आधारित थियो, जो अल्लविकासको प्रारमभिक चरणहरूबाट अगाडी बढ्न सक्षम थिए । आधुनिक राज्यको चाहना राख्दै अन्य देशहरूले आफूलाई पश्चिमको अनुकरण गनुपर्दछ, पुजीँवाद र उदार लोकतन्त्रको विकास गनुपर्दछ ।  थेसिस विचारहरू प्रयोग गर्दै Rostow ले १९६० मा आफ्नो क्यासिक “आर्थिक वृद्धिका चरणहरू” लेखे, जसले पाँच वटा चरणहरू प्रस्तुत गरेका छन । जसबाट सबै देशहरू विकसित हुन जान्छ । 1.Traditional Society2. Pre conditions to take-off 3. Take-off 4.Drive to maturity 5.Age of High mass Consumption .

1 Traditional Society :

यस चरणमा श्रम र कम स्तरको व्यापार तथा विश्व प्रविधि प्रति वैज्ञानिक दृष्टिकोण नभएको जनसङ्ख्या कृषिमा आधारित आर्थिक रुप रहेको चरण हो ।

2. Pre conditions to take – off :

यहाँ, एक समाजले उत्पादन विकास गर्न थाल्छ र अधिक राष्ट्र/अन्तराष्ट्र क्षेत्रिय दृष्टिकोणको विपरीत हुन्छ ।

3. Take-off :

यस चरणलाई गहन वृद्धिको छोटो अवधिको रुपमा वर्णन गर्दछ, जसमा औधोगिकीकरण, नयाँ उधोगको वरिपरि केन्द्रित हुन्छ ।

4. Drive to maturity :

यो चरण लामो समयको अवधिमा हुन्छ, जिवन स्तर बढ्छ, प्रविधिको प्रयोग बढ्छ राष्ट्रिय अर्थतन्त्र बढ्छ र चालक बनाउँछ ।

5. Age of High mass Consumption :

लेखनको समयमा, Rostow ले विश्वास गरेका पश्चिमी देशहरू, विशेष गरी संयुक्त राज्यले कब्जा गरेको छ । यो अन्तिम चरण ठुलो उत्पादन र उपभोक्तावादको विकास भएको छ । यहाँ, देशको अर्थतन्त्र पूँजीवादी प्रणालीमा फस्टाउँछ ।

### २.१.२ द्वन्द्ववादी दृष्टिकोण

कुनै पनि समाजको सामाजिक बनावट त्यस समाजको शक्ति कस्तो समूहको हातमा छ र त्यहाँको स्रोतमा असमानुपातिक किसिमले कसले नियन्त्रण गरेको छ भन्ने कुरामा निर्भर रहन्छ भन्ने द्वन्द्ववादी धारणाको प्रमुख मान्यता रहेको छ । "यो दृष्टिकोण अनुसार संस्कृतिको मुख्य काम समाजमा व्याप्त त्यस्ता मान्यताहरूलाई स्वीकृति प्रदान गर्दै तथा यस्ता असमानताहरूलाई अझै वृद्धि गर्दै जाने हुन्छ । यो धारणालाई कार्ल मार्क्सद्धारा प्रतिपादित सिद्धान्तमा स्पष्ट संग उल्लेख गरिइएको छ ।" (Regmi,2003;83)

माक्सका अनुसार कुनै पनि समाजको संस्कृति उक्त समाजको सामाजिक बनावटको उत्पादन हो । अर्को अर्थमा समाजको आधारभूत सामाजिक र आर्थिक बनावटले उक्त समाजमा मानिसले के जान्दछन् केमा विश्वास गर्दछन् भन्ने कुरा निर्धारण गर्दछ । आर्थिक बनावटले सामाजिक बनावट, उत्पादन, सम्पत्ति र आयलाई निर्धारण गर्दछ । यस्तै आर्थिक

स्तरिकरण, आयको वितरण तथा सम्पत्तिको निर्माण गर्ने क्रिया समाजको उत्पादन प्रणालि अनुसार हन्छन् । मार्क्सले संस्कृति र विचारधारालाई उपरि संरचना मानेका छन् किनकि तिनीहरूको सामाजिक वास्तविक बनावट भन्नाले सम्पत्तिको वितरण हो । संस्कृति त केवल आर्थिक बनावट (अवस्था) को उत्पादन मात्र हो ।

जीवनको भौतिक अवस्थाको उत्पादन सम्बन्ध सामाजिक, राजनैतिक र बौद्धिक जीवनका सामान्य प्रक्रियाहरू हुन् । "मानिसको चेतनाले उसको अस्तित्वलाई निर्धारण गर्ने नभई उसको सामाजिक अस्तित्वले चेतना निर्धारण गर्दछ । चेतना भन्नाले मूल्य मान्यता, सोचाई तथा सामाजिक वास्तविकताको बारेमा हुने बुझाइ हो ।"(Ritzer,1992;68)विचार धारात्मक रुपमा त्यस्ता हुन्छन् जसले मानिसलाई समाजमा हुने द्वन्द्वको बारेमा सचेत गराउँछन् "आर्थिक आधारमा आउने परिवर्तनले सम्पूर्ण उपरी संरचनाहरूमा परिवर्तन ल्याउँछ । उपरीसंरचनामा आउने परिवर्तन भन्नाले राजनैतिक, धार्मिक, कला, दर्शन आदि विचारधाराहरूमा आउने परिवर्तन हो । चेतनाको बारेमा उल्लेख गर्दा व्यक्तिगत चतेना भन्दा पनि वर्गीय चेतनालाई मार्क्सले बढि जोड दिएका छन् ।"(Ritzer,1992;60)वर्गीय चेतनालाई सामाजिक परिवर्तन र विकासको मुख्य कडिको रुपमा लिइएको छ समाजलाई स्थिरभन्दा पनि गतिशील रुपमा मानिएको छ ।

"समाजमा रहेका शासक र आश्रित वर्गहरूमध्ये शासक वर्गसंग उत्पादनका साधनहरूको स्वामित्व हुन्छ भने आश्रित वर्ग त्यसबाट बञ्चित हुन्छ । आश्रित वर्गले शासक वर्गको लागि काम गर्दछन् र श्रम प्रदान गरेका हुन्छन् । उक्त श्रमबाट उत्पादित सामानहरू द्वारा नाफा प्राप्त नहुने हेदाँ उनीहरू शोषणमा परेका हुन्छन् ।"(Regmi,2003;84)

यसरी एकातिर आर्थिक र राजनितिक परिवर्तनबिना सांस्कृतिक परिवर्तन हुन सम्भव छैन भने अर्को तिर सांस्कृतिक आन्दोलनबिना आर्थिक र राजनैतिक विकास पनि खुन्न सक्दैन । "पश्चिम युरोपमा १३ औं देखि १८ औं शताब्दीसम्म लामो जनसंस्कृति नभएको भए जन्मजात असमानता र हुकुमी शासनको बोलाबाला हुन्थ्यो । वैज्ञानिक र द्वन्द्वात्मक भौतिकवादि सांस्कृतिक दृष्टिकोण र पहल अत्यन्त कमजोर रहन सक्थ्यो ।" (मिश्र,२०६७ :२०७)

### २.१.३ पूर्व साहित्यको समीक्षा

प्रस्तुत शोधपत्रमा म्याग्दी जिल्लामा, मंगला गा.पा वडा नम्बर २ को बाबियाचौरमा बसोबास गर्ने मगर समुदायको उत्त स्थानमा बसोबास गर्ने अन्य जातजाति विचको सामाजिक सम्बन्ध पक्षको अध्ययन गर्न खोजिएकोले मगर र अन्य जातिसंग सम्बन्धित पूर्व साहित्यहरूको समिक्षा गर्नुपर्ने देखिन्छ हाल सम्म नेपालमा रहेका विभिन्न क्षेत्रमा बसोबास गर्ने मगर जाति साथै अन्य जातिको विभिन्न विषय र पक्षमा अध्ययन अनुसन्धान भएको पाइन्छ । तिनै अध्ययनमा तयार पारिएका शोधग्रन्थहरूलाई पूर्व साहित्यको समिक्षाका रुपमा तल प्रस्तुत गरिएको छ ।

अर्घाखाँची जिल्लाको ढिकुर गा.वि.स गौचरमा बस्ने मगर समुदायको सामाजिक, आर्थिक र साँस्कृतिक अवस्थाको अध्ययन गरिएको छ । अध्ययनकर्ताको अनुसार मगरहरू अत्यन्त सोझा, इमान्दार, कडा परिश्रमी हुनुका साथै मुख्य पेसाको रुपमा कृषिलाई अबलम्बन गरिएको छ । यस बाहेक मगरहरू भारतीय सेना, नेपाली सेना, व्यापार तथा पशुपालन गरि आफ्नो जीवनयापन गरिरहेका छन् । हिन्दु धर्म र परम्परालाई मान्ने यस क्षेत्रका मगरहरूमा अन्धविश्वासको रुपमा धामी झाँक्री प्रथा विद्यमान रहेको पाइएको छ (घिमिरे, २०६०) ।

मगरहरू आफ्ना कुलपुजा पितृपुजा बाजे बराजु पूजा आदि कायम राखी हिन्दुहरूले मनाउने चाडपर्वहरू साउन सङ्क्रान्ती जनै पुर्णिमा, औसी, फागुपुर्णिमा, दशैं, तिहार, माघे सङ्क्रान्ति आदि मनाउने गछन् तर मगरहरू आफ्नै तरिकाले मान्छन् ।साथै भुमे पुजा, माघे सङ्क्रान्ति पनि धुमधामले मान्दछन् (घर्तिमगर, २०६२) ।

मगर जातिमा कुलपुजा गर्ने सेवारे (पुजारे) मनकामना,जलजलाबार कोने, छाब्दीबाराही कोने,छाब्दीबराही, आलमदेवि, खयरबराही बुढा सुब्बा आदि स्थानमा औपचारिक रुपमा छन् भने अर्न्य कार्यमा झाक्री, धामी, गारुले, पोन्या पुजारु पनि प्रशस्त रुपमा छन् । खासगरी कुलपुजा गर्ने तरिका १२ मगरातमा सुँगरद्धारा र १८ मगरातमा भैसीको मासु नखाने र १८ मगरातमा भैसी घरभित्र पकाउने तथा सुँगर, गाईको मासु घर बाहिर 'बितलो स्या' नामबाट अलग राख्ने चलन छ । सुँगुरलाई १८ मगरातमामा 'व' र १२ मगरातमा 'बाक्' भनिन्छ ।

प्रकृतिपुजा, पृतिपुजा, विभिन्न रागाँ, बोका, पोथी, भाले चल्ला परेवा आदिले पनि बलि पूजा गर्ने चलन छ (बुढामगर, २०६५)।

मगरहरूको मुख्य पेशा कृषि तथा पशुपालन भएता पनि सैनिक सेवा लाहुरे भएर कमाएको धन नै उनीहरूको मुख्य आम्दानीको स्रोत हो । शिक्षाको् क्षेत्रमा भने उनीहरू पछाडि छन् ।धामी,झाँक्री प्रथामा नै बढि विश्वास गर्दछन् । मगर समुदाय आफ्नो समुदायसंग मात्र सम्बन्ध गाँस्न चाहन्छन् । तर हाल विविध कारणवश सम्बन्धको दायरामा आफ्नो जातसंग मात्र नभई अन्य जातसंग पनि वृद्धि हुदैं गएको पाइन्छ । यसरी प्रायः मगर जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा एकरुपता पाइएता पनि हाल शिक्षा जनचेतना, बसाईसराइ तथा रोजगारीको कारणले यी पक्षहरूमा क्रमशः परिवर्तनका संकेतहरू देखिन थालेका छन् तैपनि अधिकाशं मगर हालसम्म पनि पिछडिएर रहेको पाइन्छ (लामिछाने, २०६६) ।

श्री सिद्धार्थ उच्च मा.वि तनहुँमा आधारित रहेर मगर समुदायमा छात्राको शैक्षिक अवस्था' शीर्षकमा मगर छात्राहरूको एक समाजशास्त्रीय अध्ययन भएको छ । मगर छात्राहरूको अभिभावकहरूको शैक्षिक स्तर ज्यादै कमजोर भएकाले लैङ्गिक विभेद हुने र सो विभेदले छात्राहरूको शैक्षिक स्तर कमजोर भएको तथ्य उल्लेख भएको छ । साथै मातृभाषामा कक्षा संचालन गर्ने प्रचलन नभएकोले शिक्षाको स्तरमा शैक्षिक स्तर कमजोर भएको तथ्य प्राप्त भएको छ (सुवेदी, २०६७) ।

लेखनाथ नगरपालिका वडा नं. १२ ढुङ्गेपाटनका पुन मगरहरूको संस्कृति र संस्कारको बारेमा अध्ययन भएको छ । त्यस क्षेत्रका पुन मगरहरू आफ्नो सिप र कलाले जीवनलाई दैनिक रुपमा संचालन गर्ने परम्परा रहेको छ, शिरफुलैमाया, यानीमाया र सोरठी गीतको व्यापक प्रचलन रहेको तर परम्परागत भेषभुषालाई कम प्राथमिकता दिने तथ्य उल्लेख गरिएको छ । रोजगारीका अन्य अवसरहरूको कमीले यहाँका मगरहरू विदेश जाने परम्परा रहेको र सैनिक सेवामा प्रवेश गर्ने गरेका देखिन्छन् । यहाँका मगर समुदायमा कृषि दोस्रो पेसाको रुपमा देखिन्छ भने छोरालाई लाहुरे हुन पढाउने तर छोरीलाई सानै उमेरमा लाहुरेसँग विवाह गरि पठाइदिने परम्परा रहेको तथ्य उल्लेख गरिएको छ (अधिकारी, २०६८) ।

बाग्लुङ्ग जिल्ला, कक्षा ८ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ । मगर भाषी विद्यार्थीहरूले नेपाली वाक्य गठन गर्दा प्रयोग गरेका तत्वहरू(वचन, लिङ्ग, पुरुष, काल, पक्ष, भाव, वाच्य र ध्रुवियता -करण/अकरण) मा त्रुटिहरू देखिएको तथ्य उल्लेख गरिएको छ । वाक्य गठनका तत्वहरू मध्ये सबैभन्दा बढि त्रुटि कालमा र सबैभन्दा सहि प्रतिक्रिया लिङ्गमा गरेको पाइएको छ । वाक्य गठनको सरलता र जटिलताको क्रमलाई हेर्दा मगरभाषी विद्यार्थीहरूलाई वाच्यमा सबैभन्दा जटिल र लिङ्गमा सरल भएको तथ्य उल्लेख गर्दै यस्ता त्रुटिले भविष्यमा उच्च शिक्षामा असर पर्ने निष्कर्ष निकालिएको छ (पुन, २०६८) ।

लमजुङ्ग जिल्लाको सिन्दुरे गा.वि.समा बसोबास गर्ने दुरा समुदायलाई आफ्नो अध्ययनको आधार बनाएर वडा ६,७,८ का ३३६ घरधुरी मध्ये विगत ३० वर्ष देखि कृषि पेशा अगाल्दै आएका ७० घरधुरीमा दुरा समुदायको परम्परा र कृषि प्रणाली विचको सम्बन्धलाई हेर्दा त्यस क्षेत्रमा बसोबास गर्ने दुरा समुदायका मानिसहरूले परम्परागत कृषि प्रणालीलाई अपनाउदैं आएको जसको कारणले गर्दा उनिहरूलाई केबल वर्षमा ३ देखि ६ महिना सम्म मात्र खान पुग्ने अवस्था रहेको जसको कारणले गर्दा दैनिक जिविकोपार्जनको लागि वढि भन्दा वढि मानिसहरू वैदेशिक रोजगारमा आश्रित हुनु परेको देखिन्छ (दुरा, २०७१) ।

पर्वत जिल्ला थापाथाना गा.वि.स वडा नं. १ मा बसोबास गर्ने मगर समुदायको सामाजिक, आर्थिक र पेशाको चित्रन गरिएको छ । यस मगर समुदायमा कुल जनसंख्या ५०४ रहेको छ । जसमा पुरुष भन्दा महिलाको जनसंख्या १.१ % ले वढि रहेको छ । यस समुदायमा प्राय गरि एकल परिवारमा बसोबास गर्ने गरेको देखियो । यस समुदायको मुख्य पेशा कृषि र साहयक पेषाको रुपमा पशुपालन देखिएको छ । शौचालय, खानेपानी र विद्युतको राम्रो सुविधा भएको यस समुदायमा शैक्षिक क्षेत्रमा भने कमजोर रहेको छ । कुल जनसंख्याको ७६ जना नेपाल । देश बाहिर रोजगारमा संलग्न रहेको र केहि भु.पु पेन्सनर समेत रहेका छन् । राना र थापा थरको मुख्य बसोबास रहेको यस समुदायमा मुख्य गरेर हिन्दु धर्म मान्ने र परम्परा अनुसारको चाडपर्वहरू मान्ने गरेकाछन् । यस समुदायमा आम्दानी भन्दा खर्च बढि गर्ने गरेको र रहन सहन मा आधुनिकताको प्रभाव परेको देखियो (थापा, २०७१) ।

पोखरा उपमहानगरपालिका  वडा नं. ३ मा रहेका नेवार समुदायको परिवार र गुठी बिचको सम्बन्धलाइ अध्ययन बिषय बनाएर अध्ययन गर्दा गुठीमा हिन्दु धर्म मान्ने नेवारहरूको वढि

संलग्नता रहेको छ । गुठीमा आवद्ध भएका नेवार समुदायका मानिसहरू प्राय एकात्मक परिवारमा बसोबास गर्ने संख्या बढि देखिन्छ । त्यसैगरी यस अध्ययन क्षेत्रमा बसोबास गर्ने नेवार समुदायले बढि व्यापार पेशा अपनाइको देखिन्छ । त्यस्तै गरि गुठीले परिवारका सदस्यको सामाजिकरण प्रक्रियामा सहयोगीको भूमिका निर्वाह गरेको पाइयो । उत्तरदाताले गुठीबाट प्राप्त ऋृण, व्यापारका अलवा घरायसी प्रयोजन, स्वास्थ्य उपचार तथा शिक्षाको लागि समेत खर्च गर्ने गरेको पाइयो (राजभण्डारी, २०७२) ।

तनहुँ जिल्ला जामुने गा.वि.स वडा नं. १ गुणादीमा रहेका मगर सैनिक परिवारमा केद्रित रहेर मगर समुदायको शैक्षिक योग्यता र सैनिक पेशा विचको सम्बन्ध बारे अध्ययन गरिएको छ । जसमा आर्थिक कारण र वेरोजगारको समस्याले गर्दा सैनिक पेशामा लागेको पाइयो । आज भन्दा करिब ३५ बर्ष पहिला सामान्य लेखपद भएका साथै राम्रो शारीरिक अवस्था भएका युवाहरूलाई छनोट गरि लैजाने र भर्ति भएपछि आर्थिक समस्या पनि समाधान हुने भएकोले उक्त क्षेत्रका मगरहरू सैनिक पेशामा लागेको पाइयो । तर हाल आएर मगर परिवारका बालबालिकाहरूको पढाई प्रति को लगाव घट्दै गएको र उच्च शिक्षामा मगर विद्यार्थीको एकदम न्युन उपस्थिती रहेको देखियो । यस्तो अवस्था आउनुको मुख्य कारण चाँहि मगर अभिभावक आफै अशिक्षित हुनु, बालबालिकाहरूको पढाई प्रति रुचि नहुनु, सरकारी तहबाट मगर बालबालिकाहरूको शैक्षिक स्तर उकास्न योजनावद्ध कार्यक्रम संचालन नगर्नु र राज्यबाट चेतनामुलक र आयमुलक व्यवसायिक कार्यक्रमको संचालन नहुने रहेको देखिन्छ (थापा, २०७२) ।

यी अध्ययनहरू भएतापनि मैले अध्ययन गर्न खोजेको विषय म्याग्दी जिल्ला बाबियाचौरका मगर समुदायको अन्य जातिय समुदाय संगको सामाजिक सम्बन्धको बारेमा अध्ययन गरिएको देखिएन तसर्थ यो अध्ययन गर्न खोजेकी छु ।

### २.१.४ नेपालका मगर जातिको परिचय

नेपालका अधिकांश मानिसहरू ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । जहाँ यातायात, स्वास्थ्य, शिक्षा, कृषि, नोकरी, सुरक्षा विकास आदि बाट राम्रो फाइदा लिन सकेका छैनन् । विभिन्न जातजातिहरूको बारेमा कुरा गर्दा मगर जातिहरू ग्रामिण भेगमा नै बढि बसोबास गरेको

पाईन्छ । नेपालको जम्मा जनसंख्या २,६४,९४,५०४ मा मगरहरूको जनसंख्या १८,८७,७३३ रहेको छ भने अध्ययन क्षेत्रको वडामा १७३ वटा घरधुरी रहेको छ (जनगणना, २०६८) ।

मगरहरूको मुख्य बसोबास विशेष गरी नेपालको पश्चिमी भु-भाग हो । आफ्नै मौलिक भाषा परम्परा सँस्कृति भएको यो जाति अत्यन्त सरल इमान्दार र सोझो जातिको रुपमा सपरिचित छ सामाजिक, आर्थिक, भाषिक रुपमा पछाडी परेको यो किरात मुन्धुम धर्म अनुसार मगरहरू हिमालयल उत्तरी भेग स्थित "सीन" नामक स्थानमा सर्वप्रथम देखा परेको थिए । सिङमगर र चितु मगरको नेतृत्वमा मगरहरू उत्तरबाट दक्षिण तर्फ झरेका थिए । ति दुई मगरहरूको मुख्य थलोलाई १२ मगरात भनिन्छन् जुन पश्चिम नेपालमा पर्दछ । नेपालको पश्चिम सिमा महाकाली नदीभन्दा पारी पट्टी 'मेहर' उपत्यकामा बसोबास गर्ने जातिलाई 'मेहर' भनिएको र पछाडी गएर त्यहि शब्द अपभ्रंश भई मगर भएको भन्ने भनाई पनि प्रचलित रहेको पाईन्छ । जुम्लेली राजा पुण्य मल्लको १२५८ को कनकपत्रमा पनि महर जाति बोधक शब्द परेको हुनाले उक्त भनाई अधिक विश्वास योग्य रहेको पाईन्छ ।

नेपालका मगरहरू भोट वर्मेली परिवार अन्तर्गत पर्दछन् । यसैगरी नेपालको पश्चिम भागमा बढि मात्रामा बासोबास गर्ने मगरहरू नेपालको पूर्व देखि पश्चिम सम्म फैलिएर रहेका छन् । यिनिहरूको मुख्य क्षेत्रलाई बाह्र मगरात भनिन्छ जसमा लुम्बिनी, राप्ती र भेरी अञ्चल पर्दछन् । मगरहरूको मुख्य पेशा कृषि रहेको छ । यसका अलवा पशुपालन काठको काम, भवन निर्माण, ढुङ्गाको काम आदि गर्दछन् । यिनीहरूको मुख्य उब्जनीमा गहुँ, कोदो, मकै र सागपात रहेको छ । यिनिहरू गोर्खाली सेनामा बढिमात्रामा भर्ना हुन चाहान्छन् । घरहरू प्राय गरी थाकाल र ढुङ्गाबाट बनाइएको हुन्छन् । साथै वरण्डा समेट निकालिएका हुन्छन् । यिनीहरूको आफ्नै जातिमा मात्र विबाह गर्ने परम्परा रहेको छ । (विष्ट, सन् १९७६: ६४) ।

मगर जाति नेपालको एक सुपरिचित जाति हो । नेपालको मध्यकाल तथा आधुनिक कालको इतिहासमा मगरहरू एक प्रभावशाली राजनीतिक शक्तिका रुपमा देखा परेका छन् । आधुनिक नेपालका निर्माणकर्ता पृथ्वीनारायण शाहको सन्यै संगठनमा मगरहरूको महत्वपूर्ण स्थान थियो (विष्ट, २००२ : ६२) ।

मगर जातिको सांस्कृतिक परम्परा पनि बुद्ध संस्कारसँग मेल रहेको छ । जस्तो चण्डी पुजा, बुद्ध भगवान्ले गृह त्यागेर निस्कनु भएपछि उहाँले आफ्नो कपाल काटेर फाल्दा देवताहरूले

राखेर पुजा गर्दथे । यहि विश्वासलाई लिएर मगरहरूले वैशाष पुर्णिमाको दिनमा चण्डि पुजा गरिएको हो । पछि हिन्दुको अतिक्रमण भए पछि सोही पुजालाई बलि पुजामा परिवर्तन गरेका हुन्। बुद्ध भगवानका पैतलामा माछा र कमलको फूल चिन्ह अंकित थियो । बुद्ध भगवानको परिनिष्वन पश्चात नाग (मगर) हरूले त्यहि रूपलाई देउ वडाको नाममा ज्ञघ पुजा गर्न थालेका थिए । मगर भाषामा देउको अर्थ देवता र वडाको अर्थ ठूलो मान्यजन हुन्छ । बुद्ध भगवानलाई ठूलो देवता भनेर मान्ने गरेको थियो । पछि त्यहि देउ बडा शब्द देउ बारहि भएको हो र मगरहरूको नाचहरू पनि धार्मिक भएको हुँदा देउस्थाहां अर्थात् देवताको नाच भनेर भनिने चलन छ । किनकि मगर भाषबाट देउ भनेको देवता र स्याहा भनेको नाच हुन्छ । यहि नै देउस्थहा भन्दा भन्दै पछि आएर देउसि हुन गएको हो । आज पनि मगर जातिको घरको मुल ढोकामा कमलाको फूलको बुहा बनाउने चलन रहेको छ । बुद्ध धर्ममा कमलाको फूलाई शुमचिन्हको रूपमा पुजा गरिन्छ । यसरी मगरहरूको मौलिक परम्परा बुद्ध धर्मसँग नजिक रहेको छ ( मगर सन्२०१०) ।

मगरहरूको जातिय इतिहास तथा भाषागत इतिहासबारे अनेक धारणा पाइन्छन् । किरात मुन्धुम धर्म अनुसार मगहरू हिमालयको उत्तरी भेक स्थित 'सिन'नामक स्थानमा सर्वप्रथम देखा परेको थिए । सिङ्ग मगर र चितु मगरका नेतृत्वमा मगरहरू उत्तरबाट दक्षिण तर्फ झरेको थिए । ति दुई मगरबाट कालान्तरमा मगरहरूका बाह्र जात सिर्जना भए भन्ने भनाई छ । मेहर उपत्यकामा बसोबास गर्ने भएको हदाँ पछि अप्रभ्रस भई मगर भएको हो भन्ने जनश्रृति समेत पाइन्छ (श्रेष्ठ, २०५६ः पेज.१४५)।

मगर समाज भिन्न भाषा रीतिरिवाज, परम्परा, चालचलन, संस्कृति भएको जाति हो । मगर जातिमा सकेसम्म मगर जातिमा नै विवाह गर्न प्राथमिकता प्रदान गरिन्छ । जारी विवाह र विधवा विवाहको पनि प्रशस्त प्रचलन पाईन्छ । विधवा विवाहमा केटि भित्र्याउँदा केटाले चुरा मात्र दिने गर्दछ, सिन्दुर हाल्दैन । जारी विवाहमा जारी तिर्ने विधि पूरा गरे मात्र दुल्हन फर्काइन्छ (शर्मा, २०५८ पेज : ८९)।

पूर्वी यूरोपको हेंरीका बासिन्दाहरूलाई मग्यार भन्दछन्र हंगेरीको जातिय नाम पनि मग्यार नै हो । आफूलाई हुणका सन्तान मान्ने मगरहरू मध्ये एशियाको नेपाल पसेका कुरा मान्ने एउटा मत छ । हुणको एक शाखाका सन्तान मगरहरू तिब्बत हुँदै नेपाल पसेको विश्वास गरिन्छ । एकमत अनुसार पश्चिम चिनको खाम प्रदेश बाट खाम भाषिहरू पश्चिम नेपालको

पहाडी क्षेत्रमा बसोबास गर्न थाले यिनीहरूलाई खाम मगर भनिन्छ । हंगेरिका मग्यार जाति र नेपालका मगरहरूबिच रक्त लगायत अन्य समानता पाईने अनुसन्धानकर्ताहरूको राय देखिन्छ वोदा सरोल्टा (सन्१९९५), बुढामगर (वि. सं. २०५३) ।

मगर शब्दको उत्पतिका बारेमा दुईवटा धारणा अगाडी देखा परेको छ । एउटा भनाइ मगरहरू मंगोलियाबाट आएका हुनाले पहिला उनीहरूलाई मंगोल भनेर सम्बोधन गरिन्थ्यो । कालान्तरमा मंगोल शब्द अपभ्रंश भएर मंगल हुन गयो । शब्द उपभ्रंशको क्रममा मंगलबार मंगर र मंगरबाट पनि मगर भएको भनिन्छ भने अर्को भनाई मंगोलियामा एउटा मग्यार भन्ने ठाउँ छ मगरहरू त्यही ठाउँबाट आएका समुदाय हुन र उनीहरूलाई मग्यार भनेर सम्बोधन गरिन्थ्यो । पछि मग्यार शब्द पनि अपभ्रंश भएर मगर बन्न गएको हो भनिन्छ । यी दुवै भनाइमध्ये दोस्रो भनाई तथ्यसँग बढि मेल खान्छ । जे होस्मगर शब्दका बारेमा अझै पनि बैज्ञानिक तरिकाले खोज गर्न आवश्यक छ । मगरहरूले बोल्ने भाषा पनि ठाउँ अनुरूप केहि मिल्ने पाइन्छ । त्यसमध्ये रोल्पा, रुकूम तिर बोलिने मगर खाम भाषा अत्यन्तै भिन्न छ भने अरु ठाउँमा बोलिने मगर भाषा केही मात्रामा भिन्न भएपनि समग्रमा मिल्दोजुल्दो छ । मगर खामबाहेक अरु भाषालाई एकरूपतामा ल्याउन सकिने सम्भावना बढी छ र खाम भाषा र अन्य मगर भाषामा एकरूपता ल्याउन अत्यन्त कठिन छ । जेहोस्यी दुवै भाषा मगरहरूले बोल्ने भाषा नै हुन्। मगर भाषा अहिले आएर लिखित तर्फ उन्मुखमात्र छ र केही समय याता लिपिका बारेमा खोजअनुसन्धान भइरहेको र त्यसको स्वरूप पनि सार्वजनिक भएको छ तर त्यही नै मगर भाषाको लिपि हो भनेरअधिकारिक पुष्टि भने भएको छैन केहि भाषा विज्ञहरूको लिपिका बारेमा चासो देखाएको त पाइन्छ तर त्यति मात्र पर्याप्त छैन र लिपिका अनुसन्धान जारी छ (थापामगर,२०६३) ।

मगर जाति नेपालको प्राचिन जाति हो । यस जातिले सर्वप्रथम आवाद गरेको भुभागलाई मगरातँ नामाकरण गरिएको सन्दर्भ इतिहासले बताएको छ । अहिलेको गण्डक र राप्ती क्षेत्र प्राचिन मगरातँ क्षेत्र मान्न सकिन्छ । यसरी नै पूर्वमा किरातँ र पश्चिममा खसान लगाएत मानव जातिको बसोबासको भौगोलिक क्षेत्र अनुसार प्रदेशको नाम राखिएको पाइन्छ । मगरातँ प्रदेशमा बोलिने भाषालाई मगराती भाषा भनिन्छ । मगर जाति भाषाको दृशितकोणले ३ समूहमा बाडिएको हुदाँ मगर भाषाको नामकरणमा केहि मतभेद देखिएको छ । इतिहासको सन्दर्भलाई लिएर कसैले पूर्व तिरको मगर भाषालाई बाह्र मगरात भाषा र

पश्चिम तरिको भाषालाई अठार मगरात भाषा भनेको पनि पाईन्छ । मगरात, मगराती, मगर भाषा जे नामले उच्चारण गरे पनि ३ वटै भाषाले मगर जातिले बाल्ने भाषालाई जनाउँछ (थापा, २०५५ : पेज ८)।

शाक्यसन् २०११ का अनुसार परापूर्वकालमा बुद्धले बोल्ने भाषालाई पाली वा मागधि पनि भनिन्छ । अशोक स्तम्भमा लेखिएको भाषा मागधि या पालि हो र यो ब्राम्ही लिपिमा लेखिएको छ । एम.एस. थापामगरले "मगर भाषा र अक्खा लिपि" पुस्तकमा लुम्बिनीको अशोक स्तम्भमा कुदिएको भाषा र लिपि नै मगर जातिको पुरानो मौलिक भाषा र लिपि हो भनेका छन् । यो हिसाबले मगर व्यक्ति र मगर राज्यको सम्बन्ध देखिन्छ । यिनको ज्ञछ ऐतिहासिक जन्तु ड्रागन गंगा मैदानका नदीहरूमा पाइने गोहिहरू हुन जसलाई मगरमच्छ भनिन्छ । यो भनेको मंगोल माछा भनेको हो । यसरी मंगोलिया देखि मगधसम्म फैलिएको भू भाग नै प्राचिन मगरराँत हो । तर मगर जाति र मगरराँत भन्नाले हाल नेपालको सवैभन्दा ठूलो जनजाती र पूर्वमा त्रीशूली र पश्चिममा कर्णाली नदि बिचको मध्यपहाडि भू भाग भन्ने बुझिन्छ । ईशा ११ शताब्दी तिर खस साम्राज्यको ऐतिहासिक अभिलेखमा "मंग्वर विषय" भनिएको छ । पछि खस साम्राज्य विस्तार हुँदै जाँदा खस र मगरहरू छयासमिस भए ।

नेपालका मगरहरू पाँच समुहबाट नेपाल प्रवेश गरेका थिए । जसमा पहिलो समुह पश्चिम भेगबाट आएका मनाङ्वाका सन्तान नै सर्वप्रथम २३०० ई. पू. तिर प्रवेश गरेका थिए । त्यस्तै दोस्रो समूह आसामबाट र पाँचौ समुह दक्षिण भेगबाट नेपालमा प्रवेश गरेका थिए । मगर जातिको उत्पति चिनको सिम भन्ने स्थान बाट भएको र यिनीहरूलाई स्थानिय मानिसहरूले 'तानसाङ थापा' भन्दथे तसनाको अर्थ उत्तर र आङको अर्थ 'मा' भन्ने हुन्छ । मगर समाजमा विभिन्न संस्कार र चाडपर्वमा नाचिने नाचहरू सोरठी, घाटु, कोछा र यौनाच हुन् । मगरहरूका विभिन्न थर र उपथरहरूका बारेमा बताएका छन् । जो यस प्रकारका छन्: आले मगर, घर्तिमगर, थापा मगर, पुन मगर र राना मगर (बराल, २०५०) ।

यसरी मगर समुदायसँग सम्बन्धित विभिन्न शोधपत्रहरू र पुस्तकहरू लेखिएको भएपनि मगर जाति र अन्य जाति विचको सामाजिक सम्बन्धको बारेमा कुनै शोधपत्र र पुस्तक नभेटिएकोले तिनै मगरसँग सम्बन्धित शोधपत्रहरू र अन्य जातिहरूसँग सम्बन्धित शोधपत्रहरूलाई पूर्वअध्ययनको समिक्षाको रुपमा लिएकी छु ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

नेपालको गण्डकी प्रदेश क्षेत्रभित्र रहेको म्याग्दी जिल्ला अर्न्तगत पर्ने मंगला गाउँपालिकाको बाबियाचौरलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । जहाँ १३० घरधुरी मध्ये ४१ घरधुरी मगर समुदायको रहेको छ । जसको मुख्य आम्दानीको स्रोतको रुपमा कृषि,व्यापार, वैदेशिक रोजगार र पेन्सन रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने मगरहरूमा पनि परम्परामा फरकपन रहेको छ । यस क्षेत्रमा भएका प्राय मगरहरू विदेशीने क्रम बद्दो छ । जसको कारणले गदा युवा शक्तिको अभाव रहेको छ । त्यसैले यस क्षेत्रका मगरहरूलाई अध्ययनका मुख्य विषय बनाउनुमा निम्न लिखित कारणहरूले अध्ययन क्षेत्र छनौटको औचित्य पुष्टि गर्दछन :.

१) समय, स्रोत र साधनको दृष्टिले सहज हुनु ।

२) मगर समुदायमा पनि फरक रितिरिवाज हुनु ।

३) मिस्रित समुदाय हुनु ।

४) हाल सम्म बाबियाचौरका मगर समुदायको कुनै पनि अध्ययन अनुसन्धान नहुनु ।

## ३.२ अनुसन्धानको ढाँचा

यस सोधपत्रमावर्णनात्मक किसिमको अनुसन्धान ढाचाँ अवलम्वन गरिएको छ । यसद्वारा मगर समुदायको सामाजिक अवस्था साथै अन्य जाति विचको सम्वन्धको बारेमा प्रस्टाउने प्रयास गरिएको छ । यसका साथै सामाजिक अवस्थाको बारेमा वर्णन गरिने भएकोले वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

कुनै पनि अध्ययन अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन विधिको भूमिका रहेको हुन्छ । यस अध्ययनको परिणाम पनि त्यसै अध्ययनमा आधारित तथ्य सङ्कलन विधिहरूमा निर्भर

रहेको छ । अध्ययनको क्रममा सूचीमा परेका घरमुलीसँग बढीभन्दा बढी जानकारी लिनको लागि प्राथमिक र द्धितिय दुवै स्रोतहरू अपनाइएको छ । प्राथमिक स्रोतहरूमा अन्तर्वार्ता, मुख्य सुचनादाताको अन्तर्वार्ता र अवलोकन विधिको माध्यमबाट संकलन गरिएको छ । द्धितिय स्रोतहरूमा यस अध्ययनसंग सम्बन्धित विभिन्न समयमा प्रकाशित लेख, रचना, पुस्तक, शोधपत्रहरू, अप्रकाशित शोधपत्रहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाको समय समयमा प्रकाशितभएका महत्वपूर्ण प्रकाशनहरू तथा उपलब्ध गराएका तथ्याङ्कलाई प्रयोग गरिएको छ ।

### ग) तथ्याङ्कको प्रकृति

यस अध्ययनमा मात्रात्मक तथा गुणात्मक दुवै प्रकृतिको तथ्याङ्कलाई प्राथमिकता दिइएको छ । मात्रात्मक प्रकृतिका तथ्याङ्कअन्तर्गत उमेर लिङ्ग अनुसारको वर्गिकरणलाई समेटिएको र गुणात्मक पक्षअन्तर्गत समाजको संस्कृतिहरू, रहनसहन, चाडपर्व आदि पक्षलाई समेटिएको छ ।

## ३.४ अध्ययनको समग्रता र नमुना छनौट विधि

यस अध्ययनमा नमुनाको छनौटको लागि म्याग्दी जिल्ला मंगला गाउँपालिकाको बाबियाचौरको घरधुरी गणना गर्दै जादाँ १३० घरधुरी मध्ये दैवि नमूना छनौट विधि अन्तरर्गत गोला प्रथाबाट Krejcle, Robert, V. Morgan, Darylew. 'Determining sample size for Research activities', Educational and Psychological Measurement, 1970 को आधारमा ९७ वटा घरधुरी छनौट गरिएको छ । जसमा ३६ घरधुरी ब्राहमण/क्षेत्री, ४१ घरधुरी मगर, ८ घरधुरी आदिवासी जनजाती( मगर बाहेक) र १२ घरधुरी दलित समुदायलाई यस अध्ययनमा समावेश गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनमा अन्तरवार्ता अनुसुची, अवलोकन तथा प्रमुख जानकार व्यक्तिसँगको कुराकानीको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

**- अन्तवार्ता अनुसूची**

अध्ययनको क्रममा मगर समुदायहरूको सामजिक अवस्था र अन्य जातिय समुदाय संगको सामाजिक सम्वन्धको बारेमा अन्तरर्वाता अनुसुची प्रयोग गरि छनौटमा परेका घरमुलीसंगअन्तरर्वाता लिइएको र अन्य सरोकारवालासंग छलफल गरि अध्ययनलाई यर्थाथ बनाउन प्रयास गरिएको छ ।

**- अवलोकन**

यस अध्ययनको कममा सामान्य अवलोकन विधि पनि अपनाइएको छ । यस विधिको प्रयोगबाट उनिहरूको र अन्य जातिसंगको सम्बन्ध तथा उनिहरूको घरको वनावट,घर परिवारको वातावरण, उनिहरूको, संस्कार, लवाई खवाई, छिमेकीसंगको कुराकानी तथा छलफल र अन्य जात/जातीहरूसंगको सहयोग, लेनदेन तथा द्वन्द्धात्मक पक्षहरूको समेत अवलोकन गरि अध्ययन गरिएको छ ।

**- प्रमुख जानकार व्यक्तिसँग अन्तरवार्ता**

अध्ययनको क्रममा तथा उक्त क्षेत्रका मगर समुदायको विविध पक्षको जानकारी लिन त्यसै ठाउँका मगर समुदाय संग प्रत्यक्ष सरोकार राख्ने अथवा जानकारी भएका ंगाउँपालिका अध्यक्ष, वडा अध्यक्ष, मगर संघका अध्यक्ष, मगर पण्डित, महिला संघका अध्यक्ष र दलित संजालका अध्यक्ष लगायतका मुख्य-मुख्य व्यक्तिहरूसँग छलफल द्वारा तथ्याङ्क संकलन गरिएको छ ।

**- वैयक्तिक अध्ययन**

अध्ययनको क्रममा अध्ययन क्षेत्र बसोबास गर्ने व्यक्तिहरूको वैयक्तिक अध्ययन गरी अध्ययनलाई यथार्थ बनाउने प्रयास गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनको क्रममा सङ्कलन गरिएको तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्ने हुँदा अध्ययनका क्रममा सम्बन्धित क्षेत्रमा गएर सङ्कलन गरिएका तथ्याङ्कलाई अन्त्यमा विभिन्न शीर्षकमा छुट्याई वर्गीकरण गरी आवश्यकताअनुसार तालिका बनाई प्रस्तुतीकरण र विश्लेषण गर्दै उपयुक्त निष्कर्षमा पुगिएको छ ।

# अध्याय चार

# सामाजिक आर्थिक अवस्था

## ४.१ अध्ययन क्षेत्रको परिचय

गण्डकी प्रदेश म्याग्दी जिल्लाको सदरमुकाम वेनी बाट १४ कि.मी पश्चिमी भागमा मंगला गाउँपालिकाको वडा नंम्बर २ बाबियाचौर बजार रहेको छ । यस स्थानलाई ग्रामिण भेगको बजार क्षेत्र मानिन्छ । यो क्षेत्रलाई शिक्षा क्षेत्र र बजारीकरणको हिसाबले राम्रो मानिने गरेको छ । धौलागिरी अञ्चलमा पर्ने विभिन्न जिल्लाहरू मध्ये म्याग्दी जिल्ला पनि एक हिमाली जिल्ला हो । यस जिल्लामा १ नगरपालिका ५ वटा गाउँपालिका रहेका छन् । म्याग्दी जिल्लाको ५ वटा गाउँपालिका मध्ये मंगला गाउँपालिका पनि एक हो । यस गाउँपालिकामा विभिन्न जातजाति र जनजाती मध्ये मगर जाती पनि एक हो । यस मंगला गाउँपालिकाको वडा नंम्बर २ को बाबियाचौर बजारमा पनि मगरहरूको बसोबास रहेको पाइन्छ । यस बजार क्षेत्रमा विभिन्न जात/जातीहरूको बसोबास रहेको हुनाले यहाँको सामाजिक सांस्कृतिक क्रियाकलापहरूलाई आफ्नै जातिय आधारमा मात्र नमानेर एक अर्काको संस्कार संस्कृतीहरूलाई अवलम्बन गरेको देखिन्छ । यहाँका मगरहरू प्राय बौद्ध धर्मावली रहेका छन् भने मुख्य पेशामा कृषि,वैदेशिक रोजगार र व्यापारलाई अपनाएको पाइन्छ । यो एक व्यापारिक केन्द्र भएकोले यस बजारलाइ वरिपरिका गाउँका मानिसहरूको व्यापारिक क्रियाकलाप गर्ने स्थानको रुपमा लिएका छन् ।

यहाँका मानिसहरू कृषि, व्यापार व्यवसाय, नोकरी,ज्यालामजदुरी तथा वैदेशकि रोजगारमा संलग्न रहेका छन् । नयाँ पुस्ताहरू गैर कृषि नयाँ नयाँ अवसरको खोजीमा रहेको पाइन्छ । यस क्षेत्रका युवाहरू अन्य क्षेत्रका भन्दा शिक्षित रहेको पाइन्छ । यस क्षेत्रका युवाहरू वढि मात्रामा वैदेशिक शिक्षा र रोजागारीका लागि युरोपमा पुगेको देखिन्छ र अन्य पनि युरोप प्रति आकर्षित भएको पाइन्छ । खानेपानीको रुपमा यस क्षेत्रका मानिसहरूले मूल बाट ल्याएको एक घर एक धाराको प्रयोग गरेको पाइन्छ ।यहाँका मगर जातीका मानिसहरूअन्य जातीको मानिसहरू सामाजिक, साँस्कृतिक, शैक्षिक र राजनिति रुपमा एक अर्कामा प्रकार्यत्मक सम्वन्धमा रहेर यहाँको समाज अगाडी बढेको पाइन्छ ।

अध्ययन क्षेत्रमा विभिन्न जात/जातीको मिश्रित बसोबास रहेको पाइन्छ । यहाँ बसोबास गर्ने मगर समुदाय र अन्य जातिय समुदायका मानिसहरू प्राय अन्यत्र बाट बसाईसराई आएको पाईन्छ । जस्ले गर्दा आ-आफ्नो फरक-फरक रितिरिवाज संस्कार भएको पाइएको छ ।अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरू विचमा पनि रितिरिवाज संस्कारमा फरकपन भएको पाइएको छ ।अध्ययन क्षेत्रमा पहिला सबैले हिन्दु धर्म मान्ने भएपनि पछि आएर २०५२ सालमा मगरहरूको धर्म हिन्दु नभएर बौद्ध भएको र मगरहरूले बौद्ध धर्म मान्नु पर्छ भनि नेपाल मगर बौद्ध सेवा समाजका केन्द्रिय समितीको प्रशिक्षण पछि अध्ययन क्षेत्रका मगरहरूलाई बौद्ध धर्म आफुहरूको रितिरिवाजको लागि सहि भएको निष्कर्षमा पुगी बौद्ध धर्म अपनाए पछि भने ब्राहमण क्षेत्री संग केहि द्वण्ड सृजना भएको पाइन्छ । जातिय आधारले मात्र नभएर धार्मिक आधारले पनि प्रत्यक्ष रुपमा नभएपनि अप्रत्यक्ष रुपमा एकले अर्कोलाई सहयोग गर्न हिचकिचाउने तथा चाडपर्वलाई जातिगत रुपमा बाडेर मनाउने गरको पाइएता पनि समय परिवर्तन संगै धार्मिक र जातिय कुरालाई खासै मान्यता नदिएर मानव धर्म नै सर्वश्रेष्ठ धर्म हो भन्ने यहाँका जात/जातीको धारणा रहेको पाइएको छ । अध्ययन क्षेत्रमा रहेका मगर समुदायकाहरू पनि विभिन्न स्थान बाट बसाइसराई गरि आएको हुनाले यहाँका मगर-मगर जातीमा पनि रितिरिवाज मान्ने चलनमा फरकपन पाइएको छ । यहाँका मगरहरूले आफूलाइ वौद्ध धर्म मानने बताएपनि उनिहरूले आफ्नो विवाह र मृत्यु कर्ममा पुर्खाको पाला बाट चल्दै आएको संस्कारलाई नै निरन्तरता दिएको पाइन्छ । अध्ययन क्षेत्रमा खोला वारी र खोला पारीको चलन भन्ने गरेको पाइन्छ जसमा मगर भए पनि खोला वारी फरक रितिरिवान र खोला पारी फरक रितिरिवाज अपनाएको पाइन्छ । तर जसले मगर वौद्ध धर्म अनुसार संस्कार गर्दछन् ति मगरहरूको भने रितिरिवाज र संस्कार एकै किसिमको हुने गरेको पाइन्छ ।

मिश्रितजातजातीको समुदायको बसोबास भएकोले उहाँका जात/जातीहरूले साउने संक्रान्ती, तिज, दशै, तिहार, माघे संक्रान्ती र चैत दशै जस्ता चाडपर्वहरू मनाउने गरेको पाइन्छ । झन्दै १५ वर्ष अगाडि तिर मगरहरूले दशै आफ्नो चाड नभएको भन्दै नमनाए पनि हाल आएर मगर समुदायले पनि दशै धुमधामले मनाउने गरेको पाइन्छ । जसले गर्दा अध्ययन क्षेत्रमा बसोबास गर्ने जात/जातीमा मानवता मात्र नभएर एक अर्काको चाडवर्प मनाउने खुशी साटासा गर्ने र एक अर्काको जातीलाई पर्दा मर्दाको समयमा सहयोग गर्ने

गरेको पाइन्छ । जसले गर्दा अध्ययन क्षेत्रका मगर समुदाय र अन्य जातिय समुदायको सामाजिक सम्बन्ध राम्रो भएको पाइन्छ ।

### ४.१.१ जनसांख्यिक विवरण

मंगला गाउँपालिका वडा नंम्बर २ बाबियाचौरको जनसंख्यालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका १: उत्तरदाताको जनसांख्यिक विवरण**

| वडा नं. | वस्तीको नाम | घरधुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| २ | बबियाचौर | १९९ | ५५८ | ४४१ | ९९९ |

स्रोतः घरधुरी सर्वेक्षण (२०७५)

तालिक नं. १ अनुसार अध्ययन क्षेत्र म्याग्दी जिल्ला मंगला गाउँपालिका वडा नं. २ साविकको बाबियाचौर गा.वि.स मा जम्मा घरधुरी संख्या १९९ रहेको पाईन्छ, जसमा ५५८ जना महिला र ४४१ जना पुरुष रहेका छन् ।

### ४.१.२ जातिगत विवरण

मंगला गाउँपालिका वडा नंम्बर २ मा विभिन्न किसिमका जात/जातीका मानिसहरू बसोबास गर्दै आएका छन् । तिनिहरूमा मगर, ब्राह्मण, क्षेत्री, नेवार, थकाली, कामी र दमाइ आदि थरका मानिसहरूको बसोबास रहेको छ ।

**तालिका २ : मंगला गा.पा २ का जात/जातिगत घरधुरी विवरण**

| **सि.नं.** | **जातिय विवरण** | **संख्या** |
|---|---|---|
| १ | ब्राह्मण | १२१ |
| २ | क्षेत्री | २३८ |
| ३ | मगर | १७३ |
| ४ | कामी | ८२ |
| ५ | दमाई | ७५ |
| ६ | सार्की | १०७ |
| ७ | थकाली | ६ |
| ८ | ठकुरी | ३४ |
| ९ | नेवार | ६ |
| १० | गुरुङ्ग | ९ |
| | **जम्मा** | **८५१** |

स्रोतः घरधुरी सर्वेक्षण (२०७५)

### ४.१.३ उत्तरदाताको लिङ्ग अनुसारको बनावट

अध्ययनको क्रममा फरक उमेर समूहको मानिसहरूसंग अन्तरवार्ता गरिएता पनि उनिहरूलाई लिङ्गको आधारमा महिला र पुरुषमा विभाजन गरि सर्वेक्षण तयार पारियो । उत्तरदाताको लिङ्ग अनुसारको वनावटलाई निम्नानुसार प्रस्त पारिएको छ ।

**तालिका ३ : उत्तरदाताको जात/जातीगत लैङ्गीक विवरण**

| **सि.नं.** | **जात/जाती** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|---|
| १ | ब्राहमण, क्षेत्री | ७ | २९ | ३६ |
| २ | आ. जनजाती (मगर बाहेक) | ३ | ५ | ८ |
| ३ | मगर | ७ | ३४ | ४१ |
| ४ | दलित | २ | १० | १२ |
| | जम्मा | १९ | ७८ | ९७ |

स्रोतः स्थलगत अध्ययन, २०७७

तालिका नं. ३ अनुसार कुल उत्तरदाता ९७जना जनसंख्या मध्ये १९ जना महिला र पुरुष ७८जना पुरुषहरूलाई मात्र यसमा समावेश गरिएको छ । जसमा सवैभन्दा ब्राहमण क्षेत्रीको पुरुषमा ३७ जना उत्तरदाता र सवैभन्दा कम २ जना दलित महिला उत्तरदाता रहेको पाईएको छ ।

## ४.२ **शैक्षिक सम्वन्ध**

शिक्षा कुनै पनि जाति समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकास निमार्णको पूर्वाधारको रुपमा लिईन्छ । आजको समाजमा भएका विकास निमार्ण तथा वैज्ञानिक चमत्कारहरू शिक्षाकै कारणले भएका हुन् । शिक्षालाई हरेक क्षेत्रका आधारभूत आवश्यकता भनिन्छ । शिक्षा विनाको समुन्नत समाजको कल्पना समेत गर्न सकिदैन त्यसैले कुनै पनि समाजको कुनै वर्ग विशेषको सामाजिक अवस्थाको  अध्ययन गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमुख स्थान दिनु पर्दछ ।

अध्ययन क्षेत्रको शिक्षाको स्तर हेर्दा जात/जातीहरूको बसोबासका साथै हरेक जातीहरूमा पढाईको चेतना रहेको देखिन्छ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर जाती र अन्य जातीहरूमा शिक्षाको महत्व बुझेका कारण पढ्नु, पढाउनु पर्छ भन्ने धारणा विकास भएको पाईन्छ । शिक्षा विनाको समाज सभ्य र समून्नत हुन सक्दैन । त्यसकारण प्रत्येक समुदायमा शिक्षालाई वढि महत्वपूर्ण स्थान दिइएको पाईन्छ । यस अध्ययन क्षेत्रमा एउटा माध्यामिक स्तरको विद्यालय छ जसा कक्षा ७ सम्मको पढाई अंग्रेजी माध्यमबाट अध्यापन गराइन्छ । र शिक्षा शास्त्र, वाणिज्य शास्त्र र कृषि विज्ञान विषयको पढाई हुनुको साथै जिल्लाकै दोस्रो मंगला शिक्षा क्याम्पस रहेको पाइयो । पहिलेको तुलनामा अहिलेको समाज र मानव दुवैले शिक्षाको महत्व र आवश्यकता बुझेको पाईएको छ । यस वजार क्षेत्रका बालबालिकाहरू केहिले स्थानिय स्तरमा अध्ययन गरेको केहिले जिल्ला बाहिरका ठूला शहरहरू जस्तै काठमाण्डौ र पोखरा लगायतको शहरमा गएर अध्ययन गर्ने गरेको पाइएको छसाथै यस क्षेत्रका युवायुवतीहरू उच्च शिक्षाका लागि विदेश जाने गरेको पाइयो ।

अध्ययनक्षेत्रमा शिक्षालाई एउटा महत्वको रुपमा आत्मासात गरेको पाइन्छ । हरेकले अहिलेको समयमा शिक्षा नै मानिसको जिवनस्तर उकास्नको लागि महत्वपूर्ण तत्व हो भन्ने धारणा राखेको पाईन्छ । हरेकले पढाएको साथै एकअर्कोमा पढाउनु पर्छ भन्ने मान्यता

वोकेका र प्रेरणा दिने साथै शैक्षिक क्षेत्रमा अग्रसर हुन एक अर्कोलाई सहयोग गर्ने गरेको पाईन्छ । शिक्षाले जनचेतना विकास सगै छुवाछुत, रुदिवादी जस्ता उच निज जातियता विभेद जस्ता कुराहरलाई हताएको पाईन्छ भने समयको परिपर्तन संगै आफ्नो सोच विचार धारणामा परिवर्तन ल्याएको देखिन्छ ।

**तालिका ४ : उत्तरदाताको जात/जातिगत शैक्षिक विवरण**

| सि.न | जात/जाती | साक्षर | निरक्षर | आधारभुत तह | माध्यमिक तह | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ब्राहमण/ क्षेत्री | २ | - | ११ | १५ | ८ | ३६ |
| २ | आ. जनजाती | १ | - | ३ | ३ | १ | ८ |
| ३ | मगर | ५ | - | १५ | १६ | ५ | ४१ |
| ४ | दलित | २ | - | ९ | १ | - | १२ |
| जम्मा | | १० | ० | ३८ | ३५ | १४ | ९७ |

स्रोतः स्थलगत अध्ययन, २०७७

तालिका नं. ४ बमोजिम कुल ९७ उत्तरदाताहरू मध्ये १० जना साक्षर, ३८ जना उत्तरदाता आधारभूत तह, ३५ जना उत्तरदाता माध्यामिक तह र १४ जना उच्च तहको शिक्षा हासिल गरेको देखिन्छ । जसमा उत्तरदाताहरूको शिक्षामा पहुँच भएको प्रष्ट देखिन्छ ।

## ४.३ आर्थिक सम्बन्ध

कृषि, व्यापार र वैदेशिक राजगारी यस अध्ययन क्षेत्रको मानिसहरूको मुख्य आय श्रोतमा निर्भर रहेको पाईन्छ । यहाँका केहि मानिहरूले समथर जमिन भएकोले खेती किसानी गर्दछन् यस क्षेत्रमा सिचाईको पनि राम्रो नै व्यवस्था भएको सिचाईको पनि व्यवस्था भएको पाईन्छ । यहाँ जात/जातीहरूमा कृषिजन्य कार्यहरूमा पर्म, मद्धत लगाउँदा एक अर्कोले सहयोग गर्ने गर्दछन् भने विउविजन पनि सापतीको रुपमा एक अर्को संग लिने गरेको पाईन्छ । यहाँका मानिसहरू कृषि वाहेक अन्य पेशा व्यापार व्यवसाय वैदेशिक रोजगार जागिरमा संलग्न रहेको कारण मानिसहरूमा शिक्षा स्वास्थ्यको पहुँच भएको पाइएको छ । साथै अध्ययन क्षेत्रका व्यक्तिहरूले आफ्नो आयश्रोत वाट सामाजिक कार्यको लागि सहयोग

गर्ने गरेको पनि छन् । समाजमा छिमेकीको घरमा मृत्यु हुदाँ भेटि लिएर जाने र दुख परेको घरमा अथवा कुनै रोगवाट पिडित छ भने सामुहिक चन्दा दान गर्ने पनि गरेको पाईन्छ । त्यस्तै वैवाहिक कार्यक्रममा निजका आफन्त तथा अन्य जातिका व्यक्तिहरूको समेत केहि आर्थिक तथा कार्य सम्पन्न गरिदिने सहयोगहरू गरेको पाईन्छ । अध्ययन क्षेत्रमा जात/जातीहरूले शिक्षालाई महत्वपूर्ण रुपमा लिएको कारण शैक्षिक संस्थामा आर्थिक सहयोग स्वरुप जग्गा तथा पैसा स्कूललाई सहयोग गर्ने गरेको पाईन्छ ।

विभिन्न जात जातीहरू बसोबास गरेतापनि समाजका हरेक पक्षहरूमा एकअर्को संग भावनात्मक रुपमा मात्र एक नभई आर्थिक क्रियाकलाप जस्ता कार्यहरूमा पनि एक मतभई सामाजिक कार्यहरूमा सबैको संलग्नता सहयोग पाईन्छ । यसरी यस्ता सहयोग र एक अर्काको सत्भावको कारण यहाँका जात/जातीहरूले एक जातीलाई स्विकार्दै गरेको र अध्ययन क्षेत्रको समाजमा जातियता र छुवाछुत जस्ता सामाजिक कुप्रथालाई कठोरता पूर्ण रुपमा नलिएको पाईन्छ । यस अध्ययन क्षेत्रमा सरकारबाट मान्यता प्राप्त 'क' र 'ख' वर्गका वैकंका साथै लघुवित्त र सहकारी संस्थाहरू हरेको हुनाले यस ठाउँका मानिसहरूको वचत गर्ने वानीको विकास भएको पाईन्छ । यस क्षेत्रका मगरहरू अन्य जाती सरह नै आर्थिक रुपले सवल रहेको पाईन्छ । यहाँका मगरहरू र अन्य जात/जातीहरूका मानिसहरू पैसा कमाउन जिवनस्तर सुधार गर्नका लागि स्वदेशी जागिर सरकारी जागिर भन्दा पनि वैदेशिक रोजगारमा आकर्षित भएको देखिन्छ । यहाँका प्राय युवा वर्ग अध्ययनको क्रममा विभिन्न देशमा पुगेको र विदेशी भूमिलाई नै आफ्नो कर्म थलो बनाएको भेटिएको छ ।

### ४.३.१ आम्दानीको स्रोत

अध्ययन क्षेत्रका जात/जातीहरूले आफ्नो जिविकोपार्जनका लागि आफ्नो क्षेत्रमा पैसा आर्जन हुने विभिन्न कृयाकलाप गर्ने गरेको देखिन्छ । अध्ययन क्षेत्रका जात/जातीहरूले कृषि क्षेत्र बाहेका पनि अन्य आम्दानी हुने क्षेत्रहरू जस्तैः व्यापार, नोकारी र वैदेशिक रोजगारबाट पनि आम्दानी गरेको देखिन्छ । जसलाई निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५ : उत्तरदाताको आम्दानीको मुख्य स्रोतहरू**

| सि.नं. | आम्दानीको स्रोत | ब्राहमण/क्षेत्री | आ.जनजाती | मगर | दलित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कृषि | ६ | २ | ४ | २ | १२ |
| २ | व्यापार | १२ | ३ | १० | १ | २६ |
| ३ | नोकरी | ७ | १ | १ | - | ९ |
| ४ | पेन्सन | ३ | १ | १० | १ | १५ |
| ५ | ज्याला मजदुरी | - | - | - | २ | २ |
| ६ | वैदेशिक रोजगार | ८ | २ | १६ | ५ | ३१ |
| जम्मा | | ३६ | ८ | ४१ | १२ | ९७ |

स्रोतः स्थलगत अध्ययन, २०७७

तालिका ५ अनुसार कुल ९७ जना उत्तरदाताहरू मध्ये १२ जना उत्तरदाताहरूको आम्दानीको श्रोत कृषि, २६ जना उत्तरदाताहरूको आम्दानीको श्रोत व्यापार, ९ जना उत्तरदाताहरूको आम्दानीको श्रोत नोकरी, १५ जना उत्तरदाताहरूको आम्दानीको श्रोत पेन्सन, २ जना उत्तरदाताहरूको आम्दानीको श्रोत ज्याला मजदुरी र ३१ जना उत्तरदाताहरूको आम्दानीको श्रोत वैदेशिक रोजगार भएको देखिन्छ । जसमा बढी ब्राह्मण/क्षेत्री वर्ग तथा आदिबासी जनजाती (मगर बाहेक) वर्गको मुख्य आम्दानीको श्रोत व्यापार व्यवसाय भएको देखिन्छ भने मगर जातीहरू मुख्य आम्दानीको श्रोत व्यापार तथा पेन्सन भएको देखिन्छ। साथै दलित वर्गको मुख्य आम्दानीको श्रोत कृषि रहेको देखिन्छ।

### ४.३.२ मगर समुदायको आर्थिक स्थिति प्रति अनय जात/जातिको दृष्टिकोण

समाजको आर्थिक अवस्थाले उक्त ठाउँको सामाजिक, साँस्कृतिक ढाचाँलाई धेरै प्रभाव पार्दछ । अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर जातिलाई अनय जातजातिले मध्यम र उच्च अध्ययन स्तरको रहेको बताएको पाइएको छ । अन्य जातजातिले अध्ययन क्षेत्रका मगर जातिको रहनसहन, चलअचल सम्पत्ति र आम्दानीका स्रोतहरूको आधारमा मध्यम र उच्च आर्थिक अवस्थालाई मापन गरिएको पाइएको छ। अध्ययन क्षेत्रका अन्य जातजातिकाअनुसार अध्ययन क्षेत्रको मगरहरू आर्थिक रुपमा सवल भएको पाइएको छ।

## ४.४ पारिवारिक र वैवाहिक सम्बन्ध

### ४.४.१ पारिवारिक सम्बन्ध

अध्ययन क्षेत्रको पारिपारिक स्थितीलाई अध्ययन गर्दा एकल परिवार वढि रहेको पाईन्छ । यहाँको जात/जातीहरूको परिवारमा घरमूलीको रुपमा मुख्य गरि पुरुषहरू रहेता पनि महिलाहरूको पनि सहभागिता रहने गरेको देखिन्छ । प्राय यहाँ बसोबास गर्ने जातीहरूमा ब्राहमण र क्षेत्री जातीहरूमा पुरुषहरूलाई घरको मुख्य व्यक्तिको रुपमा रहने गदछन् भने मगर,थकाली,नेवार र दलित जातीहरूमा पुरुष र महिला दुवैको घरमूलीको रुपमा समान भूमिका रहेको देखिन्छ । परिवारमा महिला र पुरुष विचमा त्यति भेदभाव राखिदैन । सम्पत्ती प्राय पुरुष सदस्यहरूको अधिनमा भएपनि महिलाहरू पनि त्यसको संरक्षण तथा व्यवस्थापनमा उत्तिकै जुटेको हुन्छन् । अध्ययन क्षेत्रको मगर जाती र अन्य जातीहरूको परिवारको संख्याको आधारमा एकल र संयुक्त गरि पारिवारिक स्थिती निम्नानुसार पाइयो ।

**तालिका ६ : उत्तरदाताको पारिवारीक विवरण**

| सि.न | जात/जाती | सयुक्त परिवार | एकल परिवार | जम्मा |
|---|---|---|---|---|
| १ | ब्राहमण/ क्षेत्री | ८ | २८ | ३६ |
| २ | आ.जनजाती (मगर बाहेक) | १ | ७ | ८ |
| ३ | मगर | ६ | ३५ | ४१ |
| ४ | दलित | ० | १२ | १२ |
| जम्मा | | १५ | ८२ | ९७ |

श्रोत : स्थलगत सर्वेक्षण २०७७

तालिका नं. ६ अनुसार ९७ घरधुरी मध्ये ब्राहमण/क्षेत्री जातीमा २८ घरधुरी एकल परिवार र ८ घरधुरी सयुक्त परिवार रहेको, आ. जनजाती जातीमा ७ घरधुरी एकल परिवार र १ घरधुरी सयुक्त परिवार रहेको, मगर जातीम ३५ घरधुरी एकल परिवार र ६ घरधुरी सयुक्त परिवार रहेको र दलित जातीमा १२ घरधुरी एकल परिवार र सयुक्त परिवार नरहेको पाइयो । अध्ययन क्षेत्रकाजात/जातिहरूको पारिवारिक स्थितिलाई हेर्दा सबै जातिहरूमा एकल परिवारको बाहुल्यता रहेको पाइन्छ । एकल परिवारको संख्या बढि हुनुमा वर्तमान

अवस्थालाई हेर्दा आधुनिकिकरणलाई मुख्य रुपमा लिन सकिन्छ भने छोराहरूको विवाह पश्चात प्राय छुट्टिएर बस्ने कारण साथै गाउँबाट बसाई सराई गरेर आएको कारण पनि रहेको पाईन्छ। अध्ययन क्षेत्रमा रहेका जात/जाति पारिवारिक स्थितिलाई हेर्दा सबैभन्दा बढि एकल परिवारको स्थितिको रुपमा मगरहरूको रहेको छ । भने दलित जातीको सयुक्त परिवारको संख्या न्यून रहेको देखिन्छ । यस्तो हुनुमा मुख्य कारण दलितहरू अन्य जाति भन्दा आर्थिक अवस्था कमजोर हुने र उनीहरू प्राय ज्याला मजदुरी गरी जीवन निर्वाह गर्ने हुनाले उनीहरू संयुक्त परिवारमा प्राय नबसी एकल परिवारमा बस्ने गरेको पाईन्छ। यसरी यस क्षेत्रमा सयुक्त परिवारलाई भन्दा एकल परिवारलाई बढि मान्यता दिएको पाईन्छ हुनुमा आधुनिकताको कारणले गर्दा समाजमा बच्चाहरू कम जन्माउने कारणले नि एकल परिवारको संख्या बढि भएको पाईन्छ।

### ४.४.२ वैवाहिक अवस्था

#### ४.४.२.१ जातियताको आधारमा विवाहको उपयुक्त उमेर

अध्ययन क्षेत्रका जात/जातीहरूको वैवाहिक विवरणलाइ प्रस्ताउदा यहाँका जातजातीमा कुन उमेर समूहमा बढि विवाहहुने प्रचलनरहेको छ तलको तालिका बाट प्रस्त पारिएको छ।

**तालिका ७ : जातियताको आधारमा विवाहको उपयुक्त उमेर**

| सि.न | उमेर | ब्राहमण/क्षेत्री | आ.जनजाती | मगर | दलित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०-२५ | २४ | ५ | २५ | ८ | ६२ |
| २ | २५-३० | १० | ३ | ११ | ४ | २८ |
| ३ | ३०-३५ | २ | - | ५ | - | ७ |
| जम्मा | | ३६ | ८ | ४१ | १२ | ९७ |

श्रोत : स्थलगत सर्वेक्षण २०७७

तालिका ७ वाट के स्पष्ट हुन्छ भने सबै भन्दा उपयुक्त २०-२५ वर्षको उमेर समूहमा विवाह भएको राम्रो मानिएको छ जसमा जम्मा संख्या ६९ रहेको छ भने २५-३० वर्षको उमेर समूहमा जम्मा संख्या २८ रहेको छ। २०-२५ वर्ष मा विवाह भए राम्रो भन्नेमगर जातीको संख्या २५ छ त्यस्तै अन्य जातीहरू कमश ब्राहमण/क्षेत्रीका जातीको सख्या २४

रहेको छ । त्यस्तै अन्य जातीको सहदर एउटै पाइएको छ । सबै जातजातीमा २०-२५ वर्ष उमेर समूहमा विवाह गर्नु उपयुत्त हुने माथिको तालिकाबाट प्रष्ट पाइएको छ । ब्राह्मण/क्षेत्री र मगर जातीमा ढिला विवाह गर्नुपर्छ भन्ने देखिएको छ जसको कारण अध्ययन पुरा गर्नुपर्ने उदेश्य रहेको पाइएको छ ।

### ४.४.२.२ मगर र अन्य जातजातीमा अन्तर जातिय विवाहको अवस्था

मगर जाती र अन्य जात/जातीको परिवारका सदस्यहरूले अन्तरजातिय विवाह भएको छ कि छैन भन्ने विषयमा अध्ययन गर्दा प्रायको घरमा अन्तर जातिय विवाह गरिएको पाइएको छ जसलाई निम्नानुसार तालिका बाट प्रस्ट पारिएको छ ।

**तालिका ८ :मगर र अन्य जातजातीमा अन्तर जातिय विवाहको अवस्था**

| सि.न | जात/जाती | स्व जातिय विवाह | अन्तर जातिय विवाह | जम्मा |
|---|---|---|---|---|
| १ | ब्राहमण क्षेत्री | २१ | १५ | ३६ |
| २ | आ.जनजाती (मगरबाहेक) | ४ | ४ | ८ |
| ३ | मगर | २५ | १६ | ४१ |
| ४ | दलित | ८ | ४ | १२ |
| जम्मा | | ५८ | ३९ | ९७ |

श्रोत : स्थलगत सर्वेक्षण २०७७

तलिका नं. ८ वाट के स्पस्ट हुन्छ भन जम्मा ९७ घरधुरी मध्ये २१ घरधुरी ब्राहमण/क्षेत्रीले स्व जातिय विवाह गरेको र १५ घरधुरी ब्राहमण/क्षेत्रीले अन्तर जातिय विवाह गरेको , ४ घरधुरी आदिवासी जनजातीले स्व जातिय विवाह र ४ घरधुरीले अन्तर जातिय विवाह गरेको, २५ घरधुरी मगरले स्व जातिय विवाह र १६ घरधुरी मगरले अन्तरजातिय विवाह गरेको तथा ८ घरधुरी दलितले स्व जातिय विवाह र ४ घरधुरी दलितले अन्तर जातिय विवाह गरेको पाइएको छ । समाजमा अन्तर जातिय विवाहको कारणले समाजमा बस्ने मानिस एक आपसमा उनिहरूको सम्बन्ध नजिक हुने क्रम जारी हुनुका साथै त्यस समाजमा हुने विवाह तथा विभिन्न संस्कारलाइ केहि न केहि रुपमा आत्मसात गर्नुको साथै मान्यता दिइएको पाइन्छ । यस क्षेत्रमा वढि प्रेम विवाह गर्ने गरेको पाइएको छ । अन्तरजातिय विवाहलाई सुरुमा परिवारले स्विकार नगरे पनि विस्तारै परिवारले स्विकार गरेको पाइएको

छ । धेरै परिवारमा अन्तरजातिय विवाह गरेको हुनाले हाल आएर यस विवाहलाइ सामान्य रुपमा लिने गरिएको छ । यस क्षेत्रमा हुने विवाहका कार्यक्रममा आफ्नो जातीको साथै अन्य जात/जातीहरूलाई पनि कामको सहयोगका लागि तथा छिमेकीको रुपमा निमन्त्रणा गरेर विवाहमा सम्लग्न हुने गरेको पाइएको छ ।

## ४.५ धार्मिक अवस्था

हरेक समाजमा धर्मको महत्वपूर्ण स्थान हुन्छ । धर्म विनाको सामाजकि सम्बन्ध हुन सक्दैन । धर्म अलौकिक शक्ति माथिको विश्वास हो । समाजमा रहेका प्रत्येक व्यक्तिहरूले कुनै न कुनै धर्मलाई मानेको पाइन्छ । धर्मले मानिसलाई सत्यको बाटोमा हिड्नमा प्ररित गर्दछ । त्यसैले यस अध्ययन क्षेत्रका जात/जातीहरू विचमा पनि धार्मिक रुपमा एक अर्को जात/जातीहरूविच पनि धार्मिक सम्बन्ध रहनुका साथै एक अर्काको धार्मिक सम्प्रदायलाई स्विकार गरिएको छ वा छनै भनि तालिका नं. १० द्वारा प्रस्टाइनेछ जुन निम्नानुसार रहेको छ ।

**तालिका ९ : उत्तरदाताको धार्मिक विवरण**

| सि.न | जात/जाती | हिन्दु | वौद्ध | क्रिश्चियन | इस्लाम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ब्राहमण क्षेत्री | ३६ | - | - | - | ३६ |
| २ | आ.जनजाती(मगर बाहेक) | ३ | ५ | - | - | ८ |
| ३ | मगर | ५ | ३६ | - | - | ४१ |
| ४ | दलित | ११ | - | १ | - | १२ |
| जम्मा | | ५५ | ४१ | १ | ० | ९७ |

श्रोत : स्थलगत सर्वेक्षण २०७७

माथिको तालिका ९ अनुसार कुल ९७ घरधुरीमा सर्वेक्षण गर्दा ३६ घरधुरी ब्राह्मण/क्षेत्री हिन्दु धर्ममा आवद्ध रहेको, ८ आदिबासी जनजाती घरधुरी मध्ये ३ घरधुरी हिन्दु र ५ घरधुरी बौद्ध धर्ममा आवद्ध रहेको, ४१ मगर घरधुरी मध्ये ५ घरधुरी हिन्दु र ३६ घरधुरी बौद्ध धर्ममा आवद्ध रहेको र १२ दलित घरधुरी मध्ये ११ घरधुरी हिन्दु र १ घरधुरी क्रिश्चियन धर्ममा आवद्ध रहेको देखिन्छ जसले के प्रष्ट हुन्छ भने बाबियाचौर बजारको धार्मिक अवस्थालाई हेर्दा बढी हिन्दु धर्म मान्ने व्यक्तिहरूको वाहुल्यता रहेको छ । त्यसपछि वौद्ध धर्म मान्ने

व्यक्तिहरूको बाहुल्यता रहेको छ । एक जना उत्तरदाता क्रिश्चियन धर्म मान्ने पाइएकोले अध्ययन क्षेत्रमा क्रिश्चियन धर्मको प्रभाव पनि बढ्दै गएको पाइएको छ । केहिले क्रिश्चियन धर्म मान्ने गरेको पाइएको छ । भने इस्लाम धर्म मान्नेको संख्या शुन्य रहको छ । त्यसै गरि हिन्दु धर्म सबै जातजातीले अपनाएको देखिन्छ । भने वौद्ध धर्म आदिवासी जनजाती र मगर समुदायले मात्र अपनाएका छन् । यसरी फरक फरक जाती एकै प्रकारको धर्म अपनाएको कारणले गर्दा यस अध्ययन क्षेत्रमा धार्मिक संहिष्णुता भएको पाइएको छ ।

*म राम बुढाथोकी (काल्पनीक नाम) म्याग्दी जिल्ला साविकको अर्मन गा.वि.सको किमचौरबाट वि.स २०३६ सालमा आफ्नो परिवार सहित बाबियाचौरमा बसाइसराई आएको थिए ।*

*मगर गाउँबाट आई मिश्रित जात/जाती भएको बाबियाचौरमा आएर बस्दा सुरुका दिनहरूमा अलि गाह्रो भएको थियो । एउटै परम्परा रितिरिवाज भएको स्थान बाट फरक रितिरिवाज भएको स्थानमा सुरुमा बस्न असहज महसुस भएपनि विस्तारै सबै संग घुलमिल हुदैं गएपछि सहज महसुस भएको साथै सबै जात/जातीहरू असल छिमेकी रहेका छन् शुरुको दिनमा पुर्खाले गर्दै आएको संस्कारहरू गर्दै आए पनि २०५२ सालमा नेपाल बौद्ध सेवा समाजको प्रशिक्षण पश्चात भने वौद्ध धर्मलाई अगालेका छौं ।*

*केहि रितिरिवाजहरू वौद्ध धर्म अनुसार गर्दै आएपनि केहि संस्कारहरू भने पुर्खाले गर्ने चलनहरू पनि गर्दै आएका छौं । म बस्ने स्थानमा अरू मगरहरूले आफ्नो घरको सदस्यको मृत्यु पश्चात १३ दिन कुना बसेर काजकिरिया गर्ने चलन भए पनि हाम्रो घरमा कुनै व्यक्तिको मृत्यु पश्चात भने कपाल फालेर टाउकोमा सेतो कपडा बेरे पछि अन्य कामहरू गर्न मिल्ने र १३ दिन पुगे पछि काजकिरिया सम्पन्न गर्ने गरेका छौं । यसरी एउटै स्थानमा बसोबास गर्ने मगरहरूमा पनि रितिरिवाज मान्ने तरिकामा फरकपन रहेको छ ।*

*मरो जन्म बाबियाचौरमा नै भएको हो । मेरो नाम हरि घर्ती क्षेत्री (काल्पनिक नाम) हो । म इन्डियन आर्मीबाट अवकास प्राप्त भएपछि समाज सेवामा लागेको छु ।*

*पहिला यस क्षेत्रमा मगर जातीको १, २ घर मात्र रहेको थियो पछि आसपासका गाउँका मगरहरू यस स्थानमा बसाईसराई गरि आएका थिए । यस स्थानमा मगर जाती मात्र नभएर अन्य जातीको पनि बसोबास रहेको छ । यहाँका जात/जातीहरूले आफ्नो संस्कृती र संस्कारलाई मान्दै आएको भएपनि आफ्नो संस्कारमा हुने विवाह, पास्नी, छेवर र मृत्युकर्ममा अन्य जात/जातीलाई पनि संलग्नता गराउने गरेका छन् ।*

*म विभिन्न संघ संस्थामा आवद्ध भएर काम गर्दा त्यस संघ संस्थामा पनि सबै जात/जातीको प्रतिधित्व रहेको पाएको छु । साथै सबै जात/जातीहरू मिलेर काम सम्पन्न गर्ने गरेका छौं । अन्य क्षेत्रका मगर भन्दा यस स्थानको मगरहरू वढि संघ संस्थामा आवद्ध हुने र नेतृत्व लिन सक्ने छन् । यस स्थानका मगरहरूले वौद्ध धर्म अपनाएको शुरुवाती समयमा गलत सुचना प्रवाहको कारणले केहि मनमुताव भएपनि हाल त्यस्तो नरहेको सबै जात/जातीले एक अर्काको धर्म संस्कृतीलाई इज्जत दिदै आएको र अहिले धर्मको नाममा कुनै द्वन्द्व छैन् ।*

## ४.५.१ मगर जाति र अन्य जातीको पुरोहितको अवस्था

अध्ययन अनुसार मगर जाति र अन्य जातिजातीमा आफ्नो संस्कार अनुसार पुरोहित राख्ने चलन रहेको छ । जसले गर्दा जातिगत रुपमा पुरोहितको प्रकारमा फरकपन पाउन सकिन्छ, जसलाई तालिकामा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका १० : मगर जाति र अन्य जातीको पुरोहितको अवस्था**

| सि.न | जात/जाती | ब्राहमण पण्डित | वापा मगर पण्डित | लामा | पार्चर | पण्डित नचाहिने | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | ३६ | - | - | - | - | ३६ |
| २ | आ.जनजाती (मगरबाहेक) | ३ | - | ५ | - | - | ८ |
| ३ | मगर | ५ | ३६ | - | - | - | ४१ |
| ४ | दलित | - | - | - | १ | ११ | १२ |
| जम्मा | | ४४ | ३६ | ५ | १ | ११ | ९७ |

श्रोत : स्थलगत सर्वेक्षण २०७७

मथिको तालिका १० अनुसार सवैभन्दा वढि हिन्दु संस्कार अनुसार आफ्नो रितिरिवाज अनुसार जन्म देखि मृत्यु सम्मको संस्कार गर्ने गरेको पाइएको छ । हिन्दु संस्कार अपनाउनेमा सबैभन्दा वढि ब्राहमण, क्षेत्री र क्रमशः आदिवासी जनजाती र मगर जातीहरू रहेको पाइएको छ । भने मगर जातीमा बौद्ध संस्कार अनुसार वापा(मगर पण्डित) को माध्यम बाट संस्कार गर्ने पाइएको छ । दलित समुदायका व्यक्तिहरूले केहिले पार्चर र बढिले पण्डित विना नै आफ्नो संस्कार गर्ने पाइएको छ । यसरी मगरहरूले वौद्ध धर्म अनुसार संस्कार गरेपनि केहि संस्कार हिन्दु परम्परा अनुरुप पनि अपनाएको पाइएको छ । पहिलाको तुलनामा अहिले एक अर्काको धर्म संस्कारलाई सम्मान गरेको पाइएको छ । यसै गरि हिन्दु धर्म मान्नेहरूले महिनावारी हुने वेलामा वार्ने चलन पाइएको छ । पहिलाको जस्तो कडा रुपमा नभएपनि महिनावारी हुने वेलामा केहि हद सम्म बार्ने गरेको पाइएको छ । यस क्षेत्रका मगर र आदिवासी जनजातीहरूले वौद्ध धर्म अपनाएको भएपनि पहिला वाटै नै हिन्दु संस्कार वाट प्रभावित भएको हुनाले महिनावारीको बेलामा पुजा नगर्ने र पुजा कोठामा नपस्ने जस्ता चलन रहेकाो पाइएको छ । यहाँ मानिसहरूले आफुले मान्दै आएका रितिरिवाज, चालचलन,संस्कृती र संस्कारहरू केहि चाँहि आफ्नो सन्ततीमा हस्तान्तरण भएको हेर्न चाहेको र  केहि कुरितीहरू समय अनुसार परिवर्तन हुदै जानपर्छ भन्ने धारणा रहेको पाइएको छ ।

## ४.६ स्वास्थ्य अवस्था

अध्ययन अनुसार बाबियाचौर बजारमा बसोबास गर्ने मगर र अन्य जात/जातीहरूलाई शारिरिक अस्वस्थता भएको खण्डमा परम्परागत विधिलाई प्राथमिकता कि आधुनिक विधिलाई प्राथमिकता दिएर उपचार गराउछन् भनि सर्वेक्षण गर्दा अध्ययन क्षेत्रका सवै जात/जातीहरूमा आधुनिक उपचार अथात् डाक्टरको उपचारलाई विश्वास गर्ने गरिएको पाइएको छ । विरामी पर्दा मगर मगर मात्र नभएर अन्य जातजातीले पनि सहयोग गर्ने गरेको पाइएको छ । मानवता भन्ने कुरा जातीगत हिसावले हुदैन पर्दाको जन्ती मर्दाको मलामी भन्ने उखानलाई यहाँका मानिसहरूले साध्य बनाएको पाइएको छ । यहाँका मानिसहरूले केहि मात्रामा भए पनि धामी झाक्रीलाई पनि विश्वास गरेको पाइएको छ ।

## ४.७ राजनितिक अवस्था

अध्ययन क्षेत्रमा मगर जातिका महिला पुरुषहरूमा राजनैतिक चेतना भएको पाईन्छ । यहाँ विभिन्न जात/जातिका बसोबास भएकाले साथै विभिन्न राजनितिमा आवद्ध रहेकाले उनीहरू एक अर्काको पाटीमा आवद्ध रहेको पाईन्छ । यस क्षेत्रमा नेकपा एमाले, काग्रेस । नेकपा माओवादी जस्ता पाटीमा यहाँका मानिसहरूको संलग्नता रहेको पाईन्छ । त्यस वजारका महिलाहरू सक्षम भएको कारणले गर्दा धेरै जसोले राजनैतिक निर्णय आफै लिएको पाईन्छ । यस स्थानका महिलाहरू राजनैतिक चेतनाको विकास भएको पाईन्छ । यस क्षेत्रका जातजातीहरू विभिन्न प्रलोभनले भन्दा पनि स्वइच्छाले भोट हाल्ने तथा पाटीमा सक्रिय रुपले लागि परेको पाईन्छ ।

जातयिताको वाहुल्यताका कारण यस वजारमा धेरै पाटीहरूको संघ, संगठन रहेको देखिन्छ । केहि नेता र केहि नेतापन समेत रहेको पाईन्छ । यस क्षेत्रमा पाटीगत हिसावले आफ्नो संगठन वढाउने तथा पाटीमा आवद्ध गराउने कार्य वढि भएको देखिन्छ । यस क्षेत्रमा मानिसहरूको राजनैतिक प्रभाव उच्च रहेका साथै जनचेतना भरिएको कारण विभिन्न राजनैतिक क्रियाकलापमा आवद्ध हुने कार्य सहकार्यमा मिटिङ्ग, गोष्ठी वस्ने गरेको देखिन्छ । त्यस क्षेत्रमा राजनैतिक पनि अन्य सामाजिक, आर्थिक र शैक्षिक पक्ष जस्तै महत्वपूर्ण वन्ने गरेको देखिन्छ ।

अहिलको समयमा हरेक मानिस जनचेतना तथा संञ्चार माध्यमको प्रयोगले हरेक विविध कुराहरूको जानकारी राख्ने गरेको पाईन्छ । अध्ययन क्षेत्रमा पनि संञ्चारको पहुचँलाई सदुपयोग गर्ने गरेको पाइएको देखिन्छ । जसले गर्दा राजनैतिक  गतिविधीको कुराहरूको जानकारी लिने गरेको पाईन्छ । भने युवाहरूमा होडवाजी रहर तथा कार्यकर्ताको रुपमा वढि हिड्ने गरेको देखिन्छ । विभिन्न जातिगत वाहुल्यता तथा राजनितिगत भएता पनि एक अर्कोमा सहयोग, रेखदेख जस्ता भावनात्मक सम्वन्ध रहने गरेको पाईन्छ । यस वजार क्षेत्रमा पनि मगर जातिहरूको राजनितिक सहभागिता राम्रो उपस्थिती र वाहुल्यता भटेनुको साथै गाउँपालिका अध्यक्ष जस्तो गरिमाय पदमा पुगि सिङ्गो गाउँपालिकालाई नेतृत्व गरेको देखिएको छ । जसले गर्दा यस क्षेत्रमा राजनितिक क्षेत्रमा मगरको उपस्थिती वलियो भएको देखाउँदछ ।

# अध्याय पाँच

# मगर जातिको अन्य जात/जातिसँगको सामाजिक सम्बन्ध

## ५.१ सामाजिक साँस्कृतिक सम्बन्ध

समाज मानवयि सम्बन्धहरूको जालो हो । जहाँ हरेक मानव एक अर्काको माध्यमबाट सर्म्पकमा आएको पाईन्छ । सामाजिक साँस्कृतिक सम्बन्ध त्यो जहाँ समाज अनिवार्य रुपमा चाहिएको हुन्छ । हरेक क्रियाकलापमा एक जातिलाई अर्को जातिको आवश्यकता पर्ने गरेको पाईन्छ । यस अध्ययन क्षेत्रमा रहेका मगर जाति र अन्य जातजाती बिच रहेका सामाजिक सम्बन्धहरूको अध्ययन गर्दा तिनिहरूको पारिवारिक स्थिती, चाडपर्व, धर्म विवाह संस्कार तथा मगर जाति र अन्य जातिहरूको बिचको सामाजिक पक्षले एकअर्कामा पारेको प्रभावको अध्ययन गरी जानकारी लिइएको छ ।मानव सामाजिक प्राणी भएकोले समाजमा मानिस एक्लो बस्न सक्दैन । त्यसैले समाजलाई सामाजिक सम्बन्धको जालो पनि भनिन्छ । यसरी बनेको सम्बन्धले गर्दा समाज विभिन्न जात/जातीहरूको बसोबासले गर्दा समाजमा विभिन्न संस्कार संस्कृती अवलम्बन गर्ने व्यक्तिहरू रहेका हुन्छने । ति संस्कारहरू पनि फरक फरक रहने गर्दछ ।

अध्ययन क्षेत्र अन्तर्गत मंगला गाउँपालिका वडा नंम्बर २ बाबियाचौर बजारका मगर र अन्य जात/जातीको सम्बन्धलाई हेर्दा यहाँ बसोबास गर्ने विभिन्न जात/जातीहरूको सामाजिक सांस्कृतिक अवस्था फरक रहेको पाईन्छ । यस बजारमा सबै जातिको मिश्रित जनसंख्या रहेको छ र वढिमा मगर, ब्राहमण र क्षेत्रीको बसोबास रहेको पाईन्छ । यसरी यस क्षेत्रमा बसोबास गर्ने जातजातीहरूको सामाजिक सांस्कृतिक अवस्थालाई हेर्दा यहाँका मगरहरू बौद्ध धर्मावली भन्ने गरेतापनि जन्म मृत्यु संस्कार अन्य संस्कारहरू हिन्दु दर्शन अनुरुप पनि अवलम्वन गरेको पाईन्छ । त्यस्तै अन्य जातीहरू पनि आफ्नै संस्कृति अनुरुप रितिरिवाज गरेको पाईन्छ । मगरहरूले आफ्नो कुल देवतालाई कर्पाकेली वापा भन्ने गरेको पाईन्छ भने अन्य जातील आफ्नो कुलदेवता नै भन्ने गरेको पाईन्छ । मगर र अन्य जात/जातीले आफ्नो संस्कार अनुसार कुलदेवताको पुजाआजा गर्दै आएको पाईन्छ । यहाँका मगर र अन्य जात/जातीले मनाउने चाडपर्वहरूको एउटै संस्कारले नभएपनि

उनिहरूखानाका परिकारहरू वनाएर खाएर रमाउने गर्दछन् । यहाँका मगर जातिले दशै, तिहार, माघे संक्रान्ती, साउने संक्रान्ती, वुद्ध जयन्ती र तिज जस्ता चाडपर्वहरूलाई मनाउने गर्दछन् भने अन्य जात/जातीले पनि यस चाडपर्वलाई उतिकै मान्यताले मनाउने गरेको पाईन्छ । यहाँ बस्ने मगरहरूमा पनि छुट्टाछुट्टै स्थान वाट आएको हुनाले जन्ममृत्यु संस्कारमा फरकपन रहेको छ , कसैले मृत्यु संस्कार १३ दिन त कसैले ३ दिनमा गर्ने गरेको पाईन्छ । कोही १३ दिन सम्म नै कुना बस्ने चलन छ भने कसैले खाली खुट्टा र टाउकोमा सेतो कपडा वेरेर हिड्ने गरेको पाइएको छ । त्यस्तै विवाह संस्कारमा पलि वौद्ध धर्म संस्कार अनुसार वौद्ध धर्मका पण्डित जसलाई वापा भनिन्छ उहाँको उपस्थितीमा विवाह गरिन्छ भने कोहीको सामान्य टिकातालो ले पनि हुने गर्दछ । यसरी मगर मगरमा विचमा पनि केहि सांस्कृतिक भिन्नता रहेको पाइएको छ । यस वजारमा वस्ने ब्राहमण र क्षेत्रीहरूले हिन्दु संस्कार अनुरुप नै संस्कार अवलम्वन गरेता पनि त्यहाँका ब्राहमण र क्षेत्रीहरूमा कठोर हिन्दुवादी धारणा नरहेको पाईन्छ ।

अध्ययन क्षेत्रमा सामाजिक सांस्कृतिक पक्षहरूलाई अध्ययन गर्दा वसोवास गर्ने विभिन्न जात/जातीहरूमा एक अर्को प्रति सहयोगात्मक धारणा हुनुका साथै अन्तर जातिय विवाहलाई मान्यता दिइएको र छुवाछुत  जस्ता समाजमा जडिएर रहेको संस्कारहरू प्रति लचकता रहेको पाईन्छ । यहाँका जातजातीहरू एक अर्काको विभिन्न पर्वहरूमा रमाउने र दुखमा एक एर्कोलाई सहयोग गरेको पाईन्छ । त्यस्तै गरि त्यहाँका जातजातीहरूमा आर्थिक रुपमा ऋण, सापती, ढुकुटी र लेनदेनहरू पनि एक अर्का जातजातीमा लिनेदेन गरेको पाईन्छ । एक अर्काको धार्मिक सम्प्रदायलाई पनि स्विकारको पाईन्छ भने केही समय पहिला मगर जातीले वौद्ध धर्म मान्ने कुरामा कसै कसैले आलोचना गरेपनि अहिले व्यवहारीक रुपमा स्विकारेको पाईन्छ । मानिस सामाजिक प्राणी भएकोले समाजमा एक्लो रहन सक्दैन त्यसैले एकअर्को प्रति प्रकार्य गर्दा कहिले काही द्वन्द्व पनि हुने गर्दछन् । यसरी यस अध्ययन क्षेत्रका जातजातीहरूमा पनि सामान्य द्वन्द्वात्मक पक्षहरू पनि रहेको पाईन्छ । जसमा मुख्य रुपमा राजनैतिक पाईन्छ । यसरी यस क्षेत्रका जातजातीहरू बिच सम्पूर्ण सामाजिक र सांस्कतिक पक्षहरूमा एक अर्को विच सहयोगात्मक धारणा हुनुको साथै एक अर्को जातीलाई स्विकारेको पाईन्छ ।

यहाँका समाजमा मेलमिलाप र सहयोगात्मक भावना एकएर्का जात/जातीमा भएपनि केहि सामाजिक पक्षहरूमा एक अर्का जातिय प्रभावहरू रहेको देखिन्छ जुन यसप्रकार रहेको छ :

१) अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरूले आफ्नो मातृभाषा नबोल्ने भएकोले आउँदा पिडिमा समेत भाषा नजान्ने समस्या रहने देखिन्छ ।

२) आफ्नो जातजातीको रितिरिवाजलाई भन्दा पनि अहिले अरुको देखासिक गर्ने चलनले परापुर्वकाल देखि चलिआएको रितिरिवाज लोप हुने अवस्था देखिन्छ ।

३) यहाँका मगर जातीले केही विशेषकाम बाहेक आफ्नो भेषभूषाको प्रयोग नगर्नाले मगर भेषभूषा लोप हुन सक्ने भएकोले संरक्षणको आवश्यकता देखिन्छ, भेषभूसाले जातिय पहिचान गर्ने भएकोले यहाँको अन्य जातजातीहरूले पनि आफ्नो भेषभूषा संरक्षणको लागि चनाखो हुनुपर्ने देखिन्छ ।

४) जातिय छुवाछुत प्रथा भेदभाव व्यवहारिक रुपमा नै अन्त्य गर्ने र सामाजिक स्तरमानै निमूल पार्नु पर्ने देखिन्छ ।

## ५.२ मगरजातीको जन्म देखि मृत्यु सम्मको संस्कार

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरू बजारको छेउछाउँका गाउँबाट बसाईसराई गरेर आएको पाईन्छ । यहाँका मगरहरू पहिला आफु जुन स्थान बाट आएको हो त्यहिको चलन अनुसार आफ्नो पुर्खाहरूले जुन तरिकाले कर्मकाण्ड गरेका थिए सोहि अनुरुप गर्दै आएको पाईएको छ । तर २०५२ सालमा नेपाल मगर संघ प्राभिक कमिती गठन गरिसके पछि भने नेपाल मगर वौद्ध सेवा समाजमा आवद्ध भएर सोहि अनुसार कर्मकाण्ड गर्दै आएको पाइएको छ । यहाँको मगरहरूले वौद्ध धर्मको पनि मगर रितिरिवाज अनुसार जन्म देखि मृत्यु सम्मको कर्मकाण्ड निम्नानुसार गरेको पाइएको छ ।

### क) छठौ

मगरहरूको चलन अनुसार बच्चा जन्मेको ६ दिनलाई छठौ भन्ने गरिन्छ । छठौको वेलुका बच्चा जन्मेको घरमा दियो बाली रातभरी जागराम बस्ने सम्भव भए भर्जन किर्तन साथै पुख्यौली गित गाएर बस्ने चलन छ । त्यसरी बस्नुको कारण छठौ दिनमा बच्चाको भाग्य कोरिन्छ भन्ने पुर्खाहरूको जन विश्वास रहेको छ । यसरी मगर जातीमा मात्र नभई अन्य

जातजातीले पनि आफ्नो सन्तान जन्मेको ६ दिनमा छैठौं गर्ने भएकोले मगर जाति र अन्य जातिय समुदाय विचमा रितिरिवाजको सम्बन्ध भएको पाइएको छ ।

**ख) न्वारण**

मगर समुदायहरूको बच्चा जन्मिय पछि आफ्नो परिस्थिती हेरेर न्वारण गरिने चलन छ जस्तै ३ दिन, ५ दिन, ७ दिन, ९ दिन र ११ मा न्वारण गरिन्छ । न्वारण गर्दाको दिन विहानै घर सबै सफा गरिन्छ । वच्चा आमालाई पनि नुहाएर चोखो बनाइन्छ । त्यसपछि सुनपानीले सवै तिर शुद्ध पार्ने काम हुन्छ साथै सवै भाई बगाललाई सुनपानी खाना दिइन्छ । कसैले घरको जेठी फुपु वा दिदिले काचो धागोको ५ सरे धागो बनाई बच्चा, आमा र बाबालाई रक्षा बन्धन बाधिने गरिन्छ । कसैले बौद्ध संस्कार अनुसार वापा(मगर पण्डित) ले पुजा गरेर बच्चाको नामकरण गर्ने गरिएको छ । न्वारणको दिनमा मगर जातिको मात्र उपस्थिती नभएर अन्य जातीका छिमेकीहरूलाई पनि निमन्त्रणा दिएर बोलाउने चलन रहेको छ ।

**ग) भातखुलाई/ अन्न प्राशन्न**

मगर समुदायको चलन अनुसार छोरीलाई ५  महिनामा खुवाईन्छ भने छोरालाई ६ महिनामा भात खुलाउने चलन रहेको छ । भात खुलाउनुको अर्थ मनुस्य भएर जन्म भयो हाम्रो आहारा नै भात भएकै कारण पहिला पुर्खाहरूले कण्डमुल खाने गरेको हुदाँ भात खुवाउने चलन चल्तीमा आएको हो भन्ने धारणा रहेको छ । भात खुलाई गर्नु पुर्व वौद्ध पुजा गरेर पाचँ कन्यालाई टिका लागाएर दक्षिणा दिने चलन रहेको भने कसैले पुजा नगरि पुर्खाले अपनाएका विधिबाट पनि भात खुलाउने चलन रहेको छ । भात खुलाई गर्दा नाम जुराइ कन्या केटा वा केटीले खुवाउने चलन रहेको छ । भात खुलाउने चलन मगर जातिमा मात्र नभएर अन्य जातिमा पनि गर्ने गरेको पाइएको छ । भात खुलाउने दिनमा वरिपरिका आफ्ना आफन्त तथा छिमेकीहरूलाइ निमन्त्रणा गर्ने चलन रहेको छ । जसमा सवै जातीका मानिसहरूको उपस्थितीमा भात खुलाई हुने गरेको पाइएको छ ।

**घ) पुतवरो**

मगरहरूको पुतवरो दिने चलन आदिम काल देखि नै चली आएको चलन हो । पहिलाको समयमा छोरालाई बढि महत्व दिने गरेको हुनाले मगरको घरमा पहिलो छोरा भयो भने

त्यसको खुसियालीमा जेठो छोरालाई पुतवरो दिने चलन रहेको छ । पुतवरो गर्नुको कारण छोराको उज्वल भविष्यको लागि आशिर्वाद दिने चलन छ । यहि चलन अहिले सम्म चलि आएको पाईएको छ । पुतवरो ३ वर्ष, ५ वर्ष, ७ वर्ष वा ९ वर्षको उमेरमा दिने चलन छ । जेठो छोरालाई पुतवरो नदिए सम्म छेवर गर्न हुदैन भन्ने चलन रहेको छ । पुतवरोको दिन घरको कुलकुलानी, देउपित्रलाई सम्भिmएर रातो सेतो धजा चढाउने चलन रहेको छ । र पुख्यौली नाचका अगाडि पुतवरो गर्ने बच्चालाई अगाडि राखेर गितको माध्यमबाट बच्चाको उज्जल भविश्यको कामना गर्दै आशिर्वाद दिने चलन रहेको पाइएको छ ।

### ङ) छेवर / गुन्योचोली

मगरहरूको चलन अनुसार छोरा वा छोरी जन्मिएको३ वर्ष, ५ वर्ष, ७ वर्ष वा ९ वर्षको उमेरमा छोराको छेवर र छोरीको गुन्योचोली दिने चलन छ । छोराको छेवरका दिन बच्चाको कपाल काट्ने बेलामा पाए सम्म गाईको गोठमा लगेर नाम जुरेको मान्छेले वा बच्चाको मामाले कपाल काटी दिने चलन छ । साथै एउटा नाग्लोमा धेरै थरिको सामान राखेर बच्चालाई रोज्न लगाईन्छ र बच्चाले जुन पहिला रोज्छ सोहि अनुसारको बच्चाको भविश्य रहेने जन विश्वास रहेको पाइएको छ । त्यस्तै छोरालाई छेवर गरे जस्तै छोरीलाइ पनि ३ वर्ष, ५ वर्ष, ७ वर्ष वा ९ वर्षमा  गुन्योचोली दिने चलन रहेको छ । तर यदि छोरीले दातँ सातेको अवस्थामा फुपुले गुन्योचोली दिने चलन रहेको छ ।

### च) विवाह

मगर जातीहरूमा पहिला मामा छारी फुपु छोराको मागी विवाह गर्ने चलन रहेको थियो तर अहिले आएर यो चलन विस्तारै हराउदै गएको छ । अहिले मागी भन्दा पनि प्रेम विवाह गर्ने चलन रहेको छ । यहाँका मगरहरूमा मागी विवाह भयो भने आफ्नो भन्दा फरक गोत्र भएका युवतीलाई माग्न जाने चलन छ । केटि माग्न जादाँ केटिको लागि गरगहना र केटिको माग अनुसारको पैसा साइको रुपमा दिने चलन छ । गहना पैसा साई दिनुको अर्थ अव देखि विवाह पक्का भएको र वेहिमान गर्न नपाउने केहि गरेर कटिले वेहिमान गरेमा त्यो दिएको साई अनुसार कानुन पनि लाग्ने भन्ने चलन रहेको छ ।यसरी साई दिएको ३ दिनमा ठेगी भ्mुन्डाउने चलन छ । ठेगी भ्mुन्डाउदाको दिन पित्र चढाउने काम गरिन्छ । यसरी पित्री चढायो भने केटि केटाको गोत्रमा गएको भन्ने धारणा रहेको छ ।पित्र

चढाँउदाको दिन विवाहको दिन पक्का गराउने काम गरिन्छ । विवाहको दिन कसैले टिका तालो गरेर ल्याउछन् भने कसैले वौद्ध संस्कार अनुसार मगर पण्डित राखेर विवाह सम्पन्न गर्ने चलन रहेको छ । यदि कसैले प्रेम विवाह गरेर केटि भगाएर लिएर आउँछ भने घर भित्राउने काम गरिन्छ र केटि ल्याएको ३ दिनमा केटिको घरमा मगर हो भने ठेकी लिएर जाने चलन छ भने अन्य जात भए खबर पु¥याउने चलन रहको छ ।यसरी विवाह भएको ३ दिन पछि दुल्हन फर्काउने चलन रहेको छ । भने कसैले पहिला केटि ल्याउने र केहि वर्ष पछि पनि रितिरिवाज अनुसार विवाह गर्ने गरेको पाइ-एको छ । यदि मगरको छोरी अन्य जातिले भगाएर विवाह गरेको छ भनेपनि भागेको ३ दिनमा मगरको घरमा ठेकी लिएर जाने गरेको पाइएको छ । यदि अन्तरजातिय  विवाह भएको छ भने आ-आफ्नो घरमा आ-आफ्नो चलन अनुसार विवाह गर्ने गरेको पाइएको छ । विवाह समारोहमा सम्पुर्ण जातजातिको मानिसहरूले काममा सहयोग गरि विवाह सम्पन्न गर्ने गरेको देखिन्छ । जसले गर्दा अध्ययन क्षेत्रका जातजातीहरूमा एक अर्का प्रति सहयोगको भावना भएको देखिन्छ ।

### छ) चौरासी पुजा

मगरहरूको चलन अनुसार व्यक्ति १००० ( एक हजार) पुर्णिमा अथात् ८२-८३ वर्ष पुग्न पर्ने कथन रहेको छ । चौरासी पुजाका लागि यहाँका मगरहरूले कसैले ब्राहमण पण्डित र कसैले मगर पण्डित राखेर चौरासी पुजा गर्ने चलन छ । चौरासी पुजा गर्ने मान्छेको आर्शिवाद लाग्छ भन्ने मान्यताका साथ सम्पुर्ण जातजातीको उक्त पुजामा उत्साहपुर्ण उपस्थिती हुने पाइएको छ ।

### ज) वैतर्पनी पुजा

अध्ययन क्षेत्रका मगरहरूमा कुनै वृद्ध व्यक्ति लामो समय सम्म विरामी भएको र मृत्यु हुने अवस्थाको भए यो पुजा गर्ने चलन रहेको छ । यो पुजा गर्नुको अर्थ जिवन भरि पाप गरेको भए पाप नस्ट हुने नौ ग्रहलाई पनि शान्त राख्नको लागि र चौरासी पुजा गरेको व्यक्तिलाई वैतर्पनी पुजा गरे मृत्यु पश्चात क्रिया नगरे पनि स्वर्गको वास हुन्छ भन्ने कथन गर्ने गरेको पाइएको छ ।

### झ) मृत्यु संस्कार

मगरहरूमा कुनै व्यक्तिको मृत्यु हुन्छु भने मृत्यु भएको स्थान बाट अर्को स्थानमा सार्ने चलन छ । मृत्यु भएको मानिसको लासको अगाडि दियो र धुप बाल्ने गरिन्छ र जुथो लाग्ने भाई वगाल लाई खवर गरिन्छ । र मृत्य लासलाई घाट सम्म पुऱ्याउनका लागि बासको प्रयोग गरिने चलन रहेको छ । लासलाई बाटो खर्चको लागि भनेर एक माना चामल एउटा सिक्का पैसा छातीमा राख्ने चलन रहेको रहेको छ । लासलाई छोरा वा दाजुभाईले दागवत्ती दिन चलन रहेको छ । लास संगै बाटो सेतो कपडा लैजाने चलन रहेको छ त्यो कपडा पछि कृयापुत्रीले कपडाको रुपमा प्रयोग गर्ने गर्दछन् । यहाँका मगरहरूले परिस्थिती अनुसार कसैले ३ दिन, कसैले ७ दिन गछन् भने धेरैले १३ दिनमा क्रिया गर्ने चलन रहेको छ । यसरी क्रियापुत्रीहरूलाई मृतकको दुध भान्जाले दिनको एक छाक पकाएर खुवाने चलन रहेको छ । दुख बोकेका छोरीचेलीलाई टिका लगाई दिइ दक्षिणा र कपडा दिएर दुख फुकाउने चलन रहेको पाइएको छ । मानिसको मृत्यु भएको ४५ दिन वा एक वर्षमा घरका परिवार र झुथो लाग्ने भाई वगाललाई बर्खि फाल्ने चलन रहेको पाईएको छ । पहिला-पहिला मगर जाति वाहेको अन्य जातीको मानिसहरूले मृत लासलाई छुन हुदैन भन्ने चलन रहेको पाइन्छ तर हाल आएर प्राय अन्तर जातिय विवाह भएकोले विस्तारै संस्कारमा परिवर्तन हुदै गएर अहिले मृत्यु घरमा अन्य जातिबाट आएका बुहारी र अन्य जातिमा गएका छोरीलाई पनि मृत लास छुन दिने गरेको पाइएको छ । जसले गर्दा यस अध्ययन क्षेत्रमा रहेका मगर जातिमा अँन्य जातिलाई हेर्ने दृष्टिकोण समान रहेको पाईएको छ ।

### ञ) चाडपर्वहरू

अध्ययन क्षेत्रका मगरहरूले परम्परागत रुपमा मनाउदै आएका आफ्ना सबै चाडपर्वहरू मनाउने गदछन् । यिनिहरू विषेश गरि दशै, तिहार, साउने संक्रान्ती, माघे संक्रान्ती, चैत दशै र वुद्ध जयन्ती आदि चाडपर्वहरू रमाइलो गरि मिठा मिठा परिकारहरू तयार गरि नयाँ वस्त्र पहिरी एक अर्कामा माया स्नेह साटासाट गदै मनाउँदै आएको पाइएको छ । चाडपर्वमा फुपु, छोरी र भान्जी साइनो पर्ने चेलिवेटिहरूलाई घरमा बोलाएर अरु दिन भन्दा अलि विशेष खाना बनाएर खुवाउने चलन पाईएको छ । अध्ययन क्षेत्रमा अन्तरजातिय विवाह भएका कारणले पनि विभिन्न चाडपर्वमा आफ्नो जाति बाहेक अन्य जातिका आफन्तहरूलाई पनि घरमा बोलाएर रमाइलो गरेर चाडपर्व मनाउने गरेको पाईएको छ ।

## ५.३ जात/जातिय आधारमा बसोबास

अध्ययन क्षेत्रमा ब्राहमण, क्षेत्री, थकाली, मगर, नेवार, ठकुरी र दलित जातीकोबसोबास रहेको छ । यस अध्ययन क्षेत्रमा मिश्रित खालको जातजातीको बसोबास भएकाले जातिय विभेदको अवस्था तथा यहाँ एकअर्को जातीलाई हेर्ने दृष्टिकोण कस्तो छ भनि गरिएको सर्वेक्षण निम्न तालिकाबाट स्पष्ट हुन सकिन्छ ।

**तालिका ११ : उत्तरदाताको जातिय समानता सम्बन्धी विवरण**

| सि.नं. | जात/जाती | समानता | असमानतामा आधारित | जम्मा |
|---|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | ३६ | - | **३६** |
| २ | आ.जनजाती (मगरबाहेक) | ८ | - | **८** |
| ३ | मगर | ४१ | - | **४१** |
| ४ | दलित | ९ | ३ | १२ |
| जम्मा | | ९४ | ३ | ९७ |

श्रोत : स्थलगत सर्वेक्षण २०७७

माथिको तालिका नं. ११ अनुसार कुल ९७ उत्तरदाताहरूमा गरिएको सर्वेक्षणबाट के स्पष्ट हुन्छ भने यस अध्ययन क्षेत्रमा मगर जाती र अन्य जातजातीमा जातिय सम्बन्ध अध्ययन गर्दा धेरै जातीहले समाने दृष्टिकोण राख्ने गरेको पाइन्छ । भने केहि दलित जातीहरूले भने व्यवहारिकता मा समान भने पनि बास्तविकतामा अझै पनि दलित जातीलाई समान व्यवहार नगर्ने गरेको बताएका छन् ।

### ५.३.१ मगर समुदायको विवाह समारोहमा अन्य जातजातीको उपस्थितिको सम्बन्ध

मगर समुदायको विवाह समारोहमा अन्य जातजातीको व्यक्तिहरूको उपस्थितिको सम्बन्ध निम्नानुसार रहेको छ ।

**तालिका १२ : मगर समुदायको विवाह समारोहमा अन्य जातजातीको उपस्थितिको अवस्था**

| सि. नं. | जात/जाती | काममा सहयोग मात्र | निमन्त्रणा (निम्तो मान्न) | दुवैको लागि | जम्मा |
|---|---|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | - | ११ | २५ | ३६ |
| २ | आ.जनजाती (मगरबाहेक) | - | ३ | ५ | ८ |
| ३ | मगर | - | - | ४१ | ४१ |
| ४ | दलित | - | १० | २ | १२ |
| जम्मा | | ० | २४ | ७३ | ९७ |

श्रोत : स्थलगत सर्वेक्षण २०७७

माथिको तालिका १२ बाट अध्ययन क्षेत्रमा मगर जातीको विवाह समारोहमा विवाहको निम्ता मान्नको लागि र काममा सघाउनको लागि अन्य जात/जातीको उपस्थिती हुने गरेको पाइन्छ । मगर समुदायको विवाहमा मगर जातीको काममा सहयोग र निम्ता मान्नको लागि शत प्रतिशत उपस्थिती रहेको पाइएको छ । भने ब्राहमण क्षेत्रीको २५ घरधुरीले काम सहयोग र निम्ता मान्नको लागि उपस्थित हुने गरेको पाइन्छ । ११ घरधुरी ब्राहमण क्षेत्रीहरू निम्ता मान्नको लागि मात्र उपस्थित हुने गरेको पाइएको छ । त्यसैगरि क्रमश आ. जनजाती र दलित समुदायको पनि केही काममा सहयोग गर्न र निम्ता मान्नको विवाह समारोहमा उपस्थित हुने गरेको र कोही निम्ता मान्नको लागि मात्र विवाह समारोहमा उपस्थित हुने गरेको पाइन्छ । पछिल्लो समयमा मगर समुदायको अन्य जातजातीहरू संग  विवाह हुदै आएको कारणले अन्तरजातिय विवाहलाई शुरुको अवस्थामा स्विकार नगरे पनि केहि समय पश्चात स्विकार गरेको पाइन्छ । मगर समुदायमा अन्तरजातिय विवाह भएको कारण अन्य जात/जाती संग नाता सम्बन्ध कायम भएको पाइन्छ ।चाडपर्वको बेलामा अन्य जात/जातीलाई आफन्तको रुपमा बोलाएर खाना खुलाउने गरेको पाइएको छ । यसरी मगर समुदायको विवाह समारोहमा मात्र नभएर अन्य चाडपर्व मा पनि अन्य जातजातीको उपस्थिती रहने गरेको पाइन्छ ।

## ५.४ लेनदेनको सम्बन्ध

मनिसले आफ्नो जिवनकालमा आफ्नो जिवनको लागि आर्थिक आवश्वकता पर्ने हुन्छ । पैसा भन्ने सधै भरि नहुन पनि सक्छ । जसको लागि अरु संग सरसपात गर्न पर्ने हुन्छ र

यस अध्ययन क्षेत्रका मगर र अन्य जात/जाती विच आर्थिक लेनदेन अथात् सरसापती हुने गरेको पाइएको छ । जसलाई एकै किसिमका जातिमा वा अन्य जात/जातीमा लेनदेन, सापती, सहयोग हुने गर्दछ । अध्ययन क्षेत्रका सबै जात/जातीहरू विच आर्थिक रुपमा सहयोग सापती लेनदेन एक अर्का विचमा हुने गरेको पाइएको छ । अध्ययन क्षेत्रका मगर जाती र अन्य जात/जातीहरूको विचमा आर्थिक सहयोग हुने गरेको पाइएको छ । एक जातीलाई आर्थिक आवश्यक पर्दा अन्य जातीले सहयोग गरेको पाइन्छ । कुनै पनि जातीलाई आर्थिक अभावको कारणले उपचार हुन बाट बन्चित भएको अवस्थामा सबै जात/जातीहरू मिलेर सामुहिक चन्दा संकलन गरेर सहयोग गरेको पाइएको छ ।

## ५.६ सामाजिक संघ संस्थामा आवद्धताको अवस्था

मानिस सामाजिक प्राणी भएकोले समाजमा हुने सानो देखि सानो कृयाकलापमा पनि सहभागिता रहने गर्दछ । अध्ययन क्षेत्रका मगर समुदाय र अन्य जात/जातीहरू सामाजिक संघ संस्थामा आवद्ध भएको पाइएको छ । अध्ययन क्षेत्रका मगरहरूको आफ्नो छुटै संघ भएकाले सबै मगरहरू त्यसमा आवद्ध रहका छन् । आमा समूह, महिला समूह, सहकारी संस्था, कृषि समूह, दलित संजाल, आदिवासी जनजाती समाज र इकाई उद्योग वाणिज्य संघ लगाएतका संघ संस्था भएकोले सबै जात/जातीहरू कुनै न कुनै संघ संस्थामा आवद्ध भएको पाइन्छ ।संघ संस्थामा आवद्ध भएका जात/जातीहरमा जातीय पहुचँले नभएर क्षमताको आधारमा मुख्य पदको चयन गर्ने गरेको पाइएको छ । यस्ता संघ संस्थामा सबै जात/जातीलाई समान रुपमा प्राथमिकता दिई कार्य अगाडि बढाएको पाइएको छ । विभिन्न संघ संस्थमा आवद्ध भएको र यहाँको मानिसमा चेतनाको वृद्धि भएको र आफूहरू पनि शिक्षित भएको कारण छोरा छोरी समान हुन भन्ने धारणा राख्दै छोरीलाई पनि छोरा समान शिक्षामा पहुचँ पुऱ्याएको पाइन्छ । यहाँका महिलाहरू पनि पुरुष सरह शिक्षा क्षेत्रमा अगाडी बढेको र विभिन्न पेषामा आवद्ध भएको पाइएको छ ।

# अध्याय छ

# अध्ययनको साराशं र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

- यो अध्ययन म्याग्दी जिल्ला मंगला गाउँपालिका वडा नं. २ को बावियाचौर बजारमा रहेका विभिन्न रितिरिवाज, परम्परा, चलनचल्ती र संस्कृती भएका मगर समुदाय र अन्य जातिय समुदाय संगको सामाजिक सम्बन्धमा केन्द्रित रहेको छ । अध्ययनले मगर जाती- जाती विचको संस्कृतमा भिन्नता र अन्य जात/जाती विच सामाजिक रुपमा हुने सम्बन्धतालिका मार्फत प्रस्तुत गर्ने एवमं व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।
- अध्ययन क्षेत्र भित्र रहेका १३० घरधुरी मध्ये ९७ घरधुरीलाई छनोट गरिअन्तरवार्ता अनुसुचीतयार गरि घरमुली बाट तथ्याङ्क संकलन गरिएको छ । घरमूली नभएको अवस्थामा अन्य सदस्यबाट समेत उत्तर लिइएको छ । अन्तरवार्ता अनुसुचिमा भएका तथ्य एवमं धारणा बुझी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । अध्ययनमा मगर समुदायको अन्य जातिय समुदाय संगको सामाजिक सम्बन्धको अध्ययन र अनुसन्धान बाट प्राप्त विषयवस्तुलाई समेटिएको छ ।
- अध्ययनको मुख्य उदेश्य को रुपमा मगर समुदाय र अन्य जात/जातिय समुदाय विच सामाजिक सम्बन्धमा एक अर्कामा पारेको प्रभाव विश्लेषण गरि उनीहरूको सामाजिक सम्बन्धको अवस्थालाई प्रकाश पार्नु रहेको छ । अध्ययनको उदेश्यलाई हेर्दा मगर समुदाय र अन्य जातिय समुदाय विच सामाजिक अवस्थामा उनीहरूले आफ्नो संस्कार अनुसार मनाउने जन्म, विवाह, मृत्यु, चाडपर्व र धर्म आदि पक्षहरूमा अन्य जातीहरूको सहयोग स्विकार्य, जातजातीहरूको आर्थिक कृयाकलापमा सहयोग लेनदेन जस्ता अवस्थाको बारेमा प्रकाश पार्नु रहेको छ । साथै मगर जाती भित्र अन्तरनिहित सांस्कृतिक भिन्नताको कारण प्रकाश पार्नु रहेको छ ।
- अध्ययनको महत्वको सम्बन्धमा यस अध्ययन क्षेत्रका जात/जातीहरूको सम्बन्धको अवस्थालाई कहि कतैवाट अध्ययन नगरिएकोले यस अध्ययनन क्षेत्र छनौट गरीएको हो । नेपालमा रहेका विभिन्न जातजातीहरूमा आफ्नै मौलिक संस्कृतीहरू रहेको छ

त्यहि जात/जाती मध्ये मगर जाती पनि एक हो । नेपालको इतिहासमा आफ्नो छुटै पहिचान राख्न सफल मगरहरूको व्यवहारिक सैद्धान्तिक महत्व छ ।

- सन्दर्भ साहित्यको समिक्षा गर्ने क्रममा इतिहासकार विद्धान वर्ग समाजशासत्री, मानवशास्त्रीहरूले हालसम्म मगर जातीको सम्बन्धमा गरिएका अनुसन्धान निर्ष्कष र भनाईहरू तथा मगर जातीको सम्बन्धमा प्रकाशित लेख रचनाहरूलाई समावेश गरिएको छ । बाबियाचौर बजारको जात/जातीहरूको पारिवारिक स्थितीलाई अध्ययन गर्दा यहाँको जातजातीहरूमा परिवारको घरमुलीको रुपमा पुरुषहरू रहेता पनि महिलाहरूको पनि सहभागिता रहने गरेको पाइन्छ ।
- विभिन्न जातजाती मध्ये विशेष गरेर आदिवासी जनजाती र मगर समुदायमा महिलाहरूलाई घरमुलीको रुपमा लिनुको साथै महिलाहरूमा स्वतन्त्रता पनि भएको पाइन्छ । यस अध्ययन क्षेत्रको पारिवारिक किसिमलाई हेर्दा सबै भन्दा वढि एकल परिवार भएको पाइयो । त्यस्तै यस बजारमा ब्राहमण,क्षेत्री र मगरको वाहुल्यता रहेको र दलित समुदायको बसाइ कम भएको पाइयो ।यस बजारका जात/जातीहरू सबै नेपाली भाष बोल्ने गरेको पाइएको छ जसले गर्दा एक अर्काको कुरा सहजै बुझ्ने गरेको पाइयो ।
- वैवाहिक अवस्थालाई हृर्दा यहाँका जात/जातीहरूले प्राय अन्तरजातिय विवाह गरेको हुनाले अन्तरजातिय विवाहलाई मान्यता दिएको पाइयो । यहाँका जात/जातीहरूले २० देखी २५ वर्षको उमेरलाई विवाहको लागि उपयुक्त उमेर मानेका छन् र भने केहि ब्राहमण क्षेत्री र मगर जातिका समुदायले २५ देखि ३० सम्मको उमेर समूहलाइ पनि उपयुक्त उमेर मानेका छन् ।
- धार्मिक स्थितीलाई हेर्दा यहाँका अधिकाशं जात/जातलि हिन्दु धर्म मान्ने गरेको पाइयो भने मगर जातीहरूले आफूलाई बौद्ध धर्मालम्वि भनेता पनि मगरहरूले हिन्दु धर्मका चाडपर्व मनाउने र आफ्ना परम्परागत रितिरिवाज मौलिक चाडपर्वहरूलाई पनि वढि महत्व दिएको पाइन्छ ।
- मगर समुदायहरू विवाह र मृत्यु संस्कार मगर वौद्ध धर्म संस्कार अनुसार नै गरेको पाइन्छ । क्रिश्चियन धर्म मान्ने जातीमा वढि दलित जाती रहेका छन् ।
- अध्ययन क्षेत्रमा जात/जातीहरूको आर्थिक स्थितीलाई विश्लेषण गर्दा कृषि, व्यापार, नोकरी र वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ । मगर समुदाय र अन्य

जात/जाती विचमा आर्थिक रुपा लेनदेन, सरसापती लिने र पर्म लगाउने गरेको पाइन्छ ।

- अध्ययन क्षेत्रकामगर समुदाय र अन्य जात/जातीका मानिसहरूले आफु विरामी हुदाँ अस्पतालमा गई डाक्तर वाट उपचार लिने गरेको पाइयो । यहाँ जुन जातीको मानिसहरू विरामी पर्दा पनि सबै जातीहरूले सहयोग गरेको पाइयो ।
- यहाँका जात/जातीहरूले आफुले गर्दै आएको परम्परागत रितिरिवाजहरू केहि आफ्ना सन्ततीहरूमा हस्तान्तरण भएको हेर्न चाहान्छने भने केहि करितीहरूलाई समय संगै परिवर्तन गर्नु पर्ने धारणा भएको पाइयो ।
- अध्ययन क्षेत्रमा विभिन्न जात/जातीको मिश्रित बसोबास भएको हुनाले एक जातीले अर्को जातीलाई समान व्यवहार गर्नुपर्छ भन्ने धारणाको विकास भएको पाइयो ।
- अध्ययन क्षेत्रमा जात/जातीहरू विभिन्न संध संस्थामा आवद्ध भई सामाजिक कार्य गरको पाइयो । यस अध्ययन क्षेत्रमा छोरा र छोरी लाई शिक्षाको क्षेत्रमा समान पहचँ पुऱ्याएको पाइयो । यसरी एक अर्काको संस्कार, संस्कृति र धर्म आदिहरूलाई एक अर्को जातीले स्विकार्यको साथै सहयोग कार्यमा उपस्थिती जनाउने हुनाले यहाँका मगर समुदाय र अन्य जातिय समुदाय विचमा पारस्परिक सम्बन्ध रहेको पाइन्छ ।

## ६.२ निष्कर्ष

मगर समुदायको अन्य जात/जातिय समुदायसँगको सामाजिक सम्बन्ध शिर्षकमा गरिएको यो अध्ययन म्याग्दी जिल्ला मंगला गाउँपाललिका वडा नं. २ बाबियाचौर बजारका ९७ घरधुरीलाई उत्तरदाताको रुपमा लिइएको छ । यस क्षेत्रका प्राय सवै जातजातीको एकल परिवार रहेका छन् । अध्ययन क्षेत्रका मगर समुदाय बढि वैदेशिक रोजगारमा आवाद्ध भएको पाईन्छ । यहाँका ब्राहमण/क्षेत्रीहरूले पेशाको रुपमा वढि नोकरी गर्ने गरेको पाईन्छ भने ंअन्य जातजातीहरूले व्यापार ,कृषि पेशामा आवद्ध भएको पाईन्छ । सामाजिक रुपमा समाजमा मनाइने चाडपर्व, मेला पर्वमा सहयोगको आवश्यकता भएमा सम्पूर्ण जातजाती आफूले सक्दो सहयोग गरेको पाइयो । अध्ययन क्षेत्रमा विगतमा धर्मको विषयलाई लिएर दण्द्ध सृजना भएपनि हाल आएर एक ले अर्को जातीको धर्मलाई सहजै स्विकारेको पाईयो । अध्ययन क्षेत्रमा मिश्रित जातजाती भएकोले अन्तर जातिय विवाहलाई सामान्य रुपमा हर्ने

गरेको पाईन्छ । तर जातिगत आधारमा भने गैर दलितलाई भन्दा दलित समुदायलाई छिटो स्विकार्न गाह्रो भएको पाईन्छ । जात/जातीहरू सामाजिक कार्यमा भने एकजुत भएर काम गरेको पाइयो ।

अध्ययन क्षेत्रका मगर समुदाय र अन्य जातिय समुदायको सामाजिक सम्बन्धलाई विश्लेषण गर्दा यहाँका जात/जातीहरू विच स्विकार्य प्रकार्यात्मक सम्बन्ध द्धारा अध्ययन क्षेत्रको समाजको अस्तित्व रहिरहेको र समाजलाई निरन्तरता दिइएको पाईन्छ । अध्ययन क्षेत्रका मगरहरूले वौद्ध धर्म अपनाए पनि आफ्नो पुर्खा वाट चलिआएको परम्परागत संस्कारहरू गर्दै आएको पाईन्छ भने केहि संस्कारहरू चाडपर्वहरू हिन्दु संस्कार अनुरुप मनाएको पाईन्छ । यहाँका मगरहरूमा मिलनसार बानी भएकोले अन्य जातजाती संग एउटै समाजमा मिलेर बसेको पाइयो जसले गर्दा यहाँको मगर समुदाय र अन्य जातिय समुदायको सामाजिक सम्बन्ध एक आपसमा परिपुरक रहेको छ ।

# सन्दर्भसूची


अधिकारी, भोलानाथ (२०६८), *कास्की जिल्ला लेखनाथ नगरपालिका ढुङ्गे पाटनका पुन मगरहरूको संस्कृतिको एक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

घर्तिमगर, रणप्रसाद (२०६२),*मगर सामाजिक संस्कार र नाता सम्बन्ध,* काठमाण्डौँः जनसेवा प्रिन्टर्स एण्ड ट्रेडर्स प्रा.लि. ।

घिमिरे, बलराम (२०६०), *अर्घाखाँची जिल्ला ढिकुर गा.वि.स गौचरका मगरहरूको सामाजिक आर्थिक अवस्थाको एक अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

दुरा, सुमित्रा देवि (२०७१), *दुरा समुदायको परम्परा र कृषि प्रणाली विचको सम्वन्ध एक अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

थापा, वुद्धिमान (२०७१), *मगर सुदायको सामाजिक, आर्थिक अवस्थामा वर्तमान पेशाले पारेको प्रभाव- थापाठाना-१ पर्वतको एक अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

थापामगर, पिनु (वि. सं. २०६३), *मगर जाति इतिहास भाषा र संस्कृति महोत्तरी मगर सेवा समाज,* बुध्दनगर काठमाडौँ ।

थापा, सोमबहादुर (२०७२), *मगर समुदायको शैक्षिक योग्यता र सैनिक पेशाबीचको सम्बन्ध एक अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

थापा, लोकबहादुर (२०५५),*मगर भाषा (ढुट) व्याकरण,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपाल सरकार, राष्ट्रिय जनगणना वि.स २०६८ /तथ्याङ्क मन्त्रालय ।

पुन, खिम वहादुर (२०६८), *बाग्लुङ्ग जिल्लामा अध्ययनरत मगर भाषी विद्यार्थीहरूको नेपाली वाक्यगठनमा त्रुटिहरूको अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बुढामगर, बमकुमारी (२०६५), *अठार मगराती ऐतिहासिक पृष्ठभूमि,* पुनहिल, बर्ष ३, अङ्क २, कर्पाकेली प्रकाशन समूह ।

बुढामगर, हर्षबहादुर (वि. सं. २०५३), *हाम्रो समाज एक अध्ययन,* काठमाडौँः हाम्रो साभ्का प्रकाशन

मगर, भिक्षु (सन् २०१०), *लाङ्घालि जमघटको हुन् मगर जाति र किन मगरहरू बौध्दिष्ट हुन्,* काठमाडौँ : बुध्द प्रकाशन ।

मिश्र, चैतन्य (२०६७),*बदलिदो नेपाल समाज* : काठमाण्डौः Fineprint INC.

राजभण्डारी, कुमुराज (२०७२), *नेवार समुदायमा परिवार र गुठी बीचको सम्बन्धी एक अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

लामिछाने, कमलचन्द्र (वि.स २०६६),*भुजरुङ्ग तातोपानीका मगर जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको समाजशास्त्रीय एक अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

विष्ट , डोरबहादुर (सन् २००२),*सबै जातको फूलबारी,* काठमाण्डौ : साभ्का प्रकाशन ।

विष्ट, डोरबहादुर (१९७६), *पिपल अफ नेपाल,* काठमाण्डौ : रत्न पस्तक भण्डार ।

वराल मगर, केरारजंग (वि. सं. २०५०), *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति,* काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज एक अध्ययन,* काठमाण्डौ : साभ्का प्रकाशन ।

शाक्य, डा. केशरमान (सन् २०११), *राज्यसत्ता, यस्तो थियो मगरको स्वर्णिम इतिहास,* काठमाण्डौ : रत्न पस्तक भण्डार ।

सुवेदि, गोपाल कृष्ण (२०६७),*तनहुँ जिल्ला सिद्धार्थ उ.मा.वि मा अध्ययनरत मगर छात्राको शैक्षिक अवस्थाको एक अध्ययन,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

श्रेष्ठ, हरिप्रसाद (२०५६),*नेपालको इतिहास र संस्कृति एक भ्कलक,* काठमाण्डौ : रत्न पस्तक भण्डार ।

Fisher, J. F (1986).*Trans Himalayan Traders Economy, Society and Culture in North West Nepal*, Calfornia: University of California Press.

http//www.jstor.org/page linfo/ about/policies/terms.jsp.

Regmi, R. R. (2003). *The Essentials of Sociology*, Kathamandu: Buddha Academic Publication.

Ritzer, G. (1992). *Sociological Theory*, (3rd ed.). New Delhi: Graw Hill.

## अनुसूची एक

## अन्तर्वार्ता अनुसूची

१. व्यक्तिगत विवरण :-

नाम थर :- उमेर :-

लिङ्ग :- भाषा :-

धर्म :-जिल्ला :-

जन्म स्थान :-

न.पा. / गा.पा वडा नं. :- गाउ :-

घरमुलीको नाम :-

२. पारिवारिक तथा शैक्षिक विवरण :-

क) तपाईंको घर परिवारमा कति सदस्य हुनुहुन्छ ?

.............................................................

ख) तपाईंले कति कक्षासम्म अध्ययन गर्नुभएको छ ?

साक्षर ☐ निरक्षर ☐ आधारभूत तह ☐ माध्यमिक तह ☐ उच्च तह ☐

३. आम्दानीको स्रोत :

क) आम्दानीको स्रोत के हो ?

कृषि ☐ व्यापार☐ नोकरी ☐

पेन्सनर ☐ ज्याला मजदुरी☐ वैदेशिक रोजगार☐

ख) अन्य जातिहरूसंग आर्थिक आयमा साझेदारी छ कि छनै ?

.............................................................................................

ग) यदि छ भने कस्तो खालको साझेदारी छ ?

.............................................................................................

घ) आर्थिक रुपले मगर जातिको अवस्था कस्तो छ?

निम्न☐ मध्यम ☐ उच्च ☐

४. विवाह र परिवारसँग सम्बन्धित विवरण :

क) तपाईंको परिवार कस्तो प्रकारको छ ?

एकल☐ संयुक्त☐

ख) कुन विवाह बढि प्रचलित छ?

माागी विवाह☐ प्रेमविवाह☐ मामाचेली फुपुचेला☐ अन्य विवाह☐

ग) तपाईको परिवारमा अन्तरजातिय विवाह भएको छ ?

छ ☐ छैन☐

घ) अन्तर जाति विवाहलाई हेर्ने दृष्टिकोण कस्तो छ?

..................................................................

ङ ) विवहामा अन्य जातिका मानिसहरूलाई सहभागी गराउनु हुन्छ कि हुदैन ?

....................................................................................................

च) केटा केटीको कुन उमेरमा बढि विवाह हुन्छ ?

२०-२५☐ २६-३०☐ ३१-३५ ☐ ३६-४० भन्दा माथि☐

५. रितिरिवाज र धर्म संस्कृति :

क) तपाइँले वर्ष भरि मनाउने चाडपर्वहरू के के हुन् ?

........................................................

ख) कुलदेवताको रुपमा कुन देवतालाई पुज्नुहुन्छ ?

...........................................................

ग) तपाइँले कुन चाडपर्वलाई बढि महत्व दिनुहुन्छ, किन?

................................................

घ) तपाइँले कुन संस्कृति र संस्कार अनुसार कर्मकाण्ड गर्नुहुन्छ ?

...................................................................

ङ) तपाईको जन्म देखि मृत्यु सम्म गरिने सँस्कार के-के हुन् ?

...............................................................

च) तपाईको जातिको पुरोहितको हो ?

.......................................................

छ) तपाई विरामी पर्दा कसको साहारा लिनु हुन्छ ?

धामीझाक्री☐ डाक्टर ☐

ज) तपाई विरामीपर्दा छिमेकीले सहयोग गनुहुन्छ ?

हुन्छ☐ हुदैन☐

झ) यदि सहयोग गर्नुहुन्छ भने कसले गनुहुन्छ ?

आफ्नै जातीले ☐ अर्कोजातीले ☐ दुवैले ☐

ञ) तपाई आफ्नो रितिरिवाजलाई परमपरागत रुपमा कायम राख्न चाहानुहुन्छ कि समय अनुसार परिवर्तन गर्न चाहानुहुन्छ ?

..........................................................................................................

ट) परिवारमा महिला वा चेलिबेटी रजस्वला हुदाँ बार्ने चलन छ कि छैन ?

छ ☐ छैन☐

८. सामाजिक पक्ष :

क) तपाई वसेको गाउँमा अन्य जातजातीको बसोबास छ?

छ ☐ छैन☐

ख) यदि बस्छन् भने कुन-कुनजातिको बसोबास रहेको छ ?

..............................................................................

ग) अन्यजातिहरू विचको जातिय सम्वन्ध के कस्तो छ ?

समानता☐ असमानतामा आधारित ☐

घ) मगर समुदायको विवाह समारोहमा अन्य समुदायको कस्तो किसिमको सम्लग्नता रहन्छ ?

काममा सहयोग☐ निम्ता मान्न☐ दुवैका लागि☐

ङ) तपाईको आफ्नो चाडपर्वहरूमा अन्य जातिका मानिसहरूलाई अथवा छिमेकीहरूलाई बोलाउनु हुन्छ ?

बोलाउछु☐ बोलाउदिन☐

छ) तपाईको समुदायमा गैर जातिविचको विवाहलाई कस्तो रुपमा हेरिन्छ ?

..........................................................................................................

ज) तपाईले आफ्नो चाडपर्व बाहेक अन्यजातिको चाडपर्व मनाउने गर्नु भएको छ ?

छ ☐ छैन☐

झ) तपाई कुनै सामाजिक संघ संस्थामा आवद्ध हुनुहुन्छ ?

छ ☐ छनै ☐

ञ) तपाईले खेतीको काम गर्दा पर्म लगाउने गर्नु भएको छ ? यदि छ भने आफ्नो जाति भित्र वा गैरजातिमा पर्म लगाउनु हुन्छ ?

आफ्नो जातीमा ☐ गैरजातीमा ☐ दुवैमा☐

ट) तपाईले आफ्नो छिमेकीमा सरसापट लिने गर्नु भएको छ ?

छ ☐ छैन☐

ट.१) यदि छ भने कुन जातिसँग लिनुहुन्छ ?

आफ्नो जातिमा☐ अन्य जातजातीसंग पनि ☐

ठ) छोरा र छोरीको शिक्षामा पहुँचको अवस्था कस्तो छ ?

भेदभावपूर्ण ☐ समान☐

ड) माथी नसमेटिएका अन्य सूचना, सुझाव, टिप्पणी भएमा उल्लेख गर्नुहोस् ।

.................................................................................................................

**धन्यवाद ।**

# अनुसूची दुई

## मुख्य जानकार व्यक्तिहरूसंग गरिएको छलफल अनुसुची

मगर समुदायको र अन्य जातिय समुदायसंगको सामाजिक सम्बन्धः मंगला गाउँपालिका बाबियाचौर म्याग्दीको समाजशास्त्रिय अध्ययनको मुख्य परिक्षण सूची

१. बाबियाचौरमा मगरहरूको आगमनको सम्बन्धमा

२. जात/जातिको लोकपरम्परा र रितिरिवाजहरू

३. मगर समुदायको ऐतिहासीक अध्ययनको बारेमा

४. अध्ययन क्षेत्रमा बसोबास गर्ने जातिहरू विचको सामाजिक सम्बन्धको बारेमा

५. (यदि मगर भए) हजुरले कुनधर्म सस्कार अनुसार आफ्नो कर्मकाण्ड गर्नुहुन्छ ?

६. मगरले गर्न थालेका कार्यहरूमा अन्य जातीको उपस्थितीको अवस्था

७. मगर समुदायमा बौद्ध धर्म अनुसारको कर्म काण्ड कहिले र कसरी सुरु भएको

८. मगरले गर्न थालेकाकार्यहरूमाअन्यजातजातीको सहयोगको अवस्था

९. राजनैनिक र सामाजिक क्षेत्रमा मगर जातिको उपस्थिती अवस्था

१०. संस्कार तथा संस्कृतिहरूमापहिले र अहिले आएको भिन्नताको कारण

११. अन्तर जातिय विवाहलाई स्वीकार्यको अवस्था

१२. आम्दानीका मुख्य स्रोतहरू

# अनुसूची तीन

## मुख्य सूचनादाताको नामावली

## मगर समुदायको अन्य जातिय समुदायसंगको सामाजिक सम्बन्ध मंगला गाउँपालिका बाबियाचौर म्याग्दीको समाजशास्त्रीय अध्ययन

**मुख्य सूचनादाताको नामावली सूची**

| सि.न | नामथर | पद |
|---|---|---|
| १ | सत प्रसाद रोका | गाउँपालिका अध्यक्ष |
| २ | धन बहादुर खाती | वडा अध्यक्ष |
| ३ | टेक बहादुर पुर्जा | जनजागरण मगर संघ अध्यक्ष |
| ४ | तिलक प्रसाद पुन | वापा(मगर पण्डित) |
| ५ | यसोदा रोका | महिला समुह अध्यक्ष |
| ६ | चक्र बहादुर पुन | दलित संजाल अध्यक्ष |
| ७ | नारायण बहादुर घर्ति क्षेत्री | समाज सेवी |